मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

एनपिएल:जकपुरविरुद्धको जितले चितवनको प्लेअफ पुग्ने सम्भावना बलियो




सम्वाद पृष्ठ ६ मा

वर्ष ३ | अंक ३६ | २०८१ साल मंसिर ३० गते आइतबार | Sunday 15, December 2024 | सूर्योदय: बिहान ६:४६ बजे | सूर्यास्त: साँझ ५:१४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## लुम्बिनी बैंकका कारण सन्तानसहित आत्महदाहको प्रयास

**मधेशदृष्टि**
**वीरगंज ।**
लुम्बिनी विकास बैंक पोखरिया शाखाले करोडौँ मूल्य पर्ने घरजग्गा कौडीको भाउमा लिलाम गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ११ रानीघाटमा लिलाम गरेको घर खाली गराउन जाँदा १ महिलाले २ छोरीसहित आत्मदाहको प्रयास गरेपछि यो घटना सार्वजनिक भएको हो ।
लामो समयदेखि ऋण नतिरेको भन्दै बैंकले घरधनी बबिता सरार्फको वीरगंजस्थित रानीघाटमा रहेको घर र पोखरिया नगरपालिकामा रहेको जग्गा अन्यलाई बिक्री गरेको थियो । नयाँ घरधनीले खरिद गरेको घर खाली गराउन जाँदा बबिताले पेट्रोल छर्केर २ छोरीसहित आत्मदाह गर्ने प्रयास गरेकी हुन् ।
लुम्बिनी विकास बैंक पोखरिया शाखाले रानीघाटमा साढे १० धुर जग्गामा बनेको घर र पोखरियाको ४ कठ्ठा जग्गालाई जम्मा ५२ लाख रुपैयाँमा लिलाम गरेको पीडित बबिताको भनाइ छ ।
उनले करोडौँको मूल्य पर्ने घरजग्गालाई बैंकदेखि स्थानीय जनप्रतिनिधिसम्मले आर्थिक चलखेल गरेर कौडीको भाउमा लिलाम गरेको आरोप लगाएकी छन् । बबिताले वीरगंज महानगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष अजय कुमार चौरसियाको मिलोमतोमा आर्थिक चलखेल गरेर घरजग्गा लिलाम भएको बताइन् ।
यद्यपि वडा अध्यक्ष चौरसियाले यसमा आफ्नो कुनै सरोकारको विषय नरहेको प्रतिक्रिया दिए ।
उनले बैंकले जतिसुकै मूल्यमा घरजग्गा लिलाम गरे पनि यसमा आफ्नो कुनै सरोकार नरहेको र वडालाई पाएको सूचनाअनुसार घर खाली गराउन लागिपरेको जवाफ दिए । यता नयाँ घरधनीले भने आफूले खरिद गरेको घर खाली गर्न पटकपटक आग्रह गर्दा पनि नमानेको बताए । घटनाका विषयमा जानकारी पाएलगत्तै पर्सा प्रहरीले घटनास्थला पुगेर बबिताको उद्दार गरी दुवै पक्षलाई वडा प्रहरी कार्यालय श्रीपुरमा लगेर अनुसन्धान गरिरहेको छ ।

## पदस्थापना माग्दै कर्मचारी आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशअन्तर्गत स्थानीय तहका कर्मचारी पदस्थापना माग गर्दै आन्दोलनमा उत्रिएका छन् । प्रदेशअन्तर्गत स्थानीय तहका प्राविधिक, लेखा, राजस्व, प्रशासनलगायत विभिन्न समूहका एक सय ६० कर्मचारी पदस्थापना माग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरमाधमा धर्नामा बसेका छन् । पटकपटक लिखित तथा मौखिक रूपमा जानकारी गराए पनि कुनै सुनवाइ नभएपछि बाध्य भएर आन्दोलन गर्नुपरेको कर्मचारीहरूको गुनासो छ । एक वर्षअगाडि सङ्घीय लोकसेवा आयोगबाट उत्तीर्ण भई मधेश प्रदेशमा पदस्थापनाका लागि सिफारिस भएका कर्मचारीहरू कामविहीन भएपछि आन्दोलनमा उत्रेको स्थानीय तह कर्मचारी आन्दोलन समितिका संयोजक वीरबहादुर सलौराले बताए । शुरुदेखि नै पटकपटक समस्या समाधानका लागि माग गरिए पनि प्रदेश सरकारले पदस्थापना नगरेको उनले बताए । यहाँ स्थानीय तहका एक हजार कर्मचारी कार्यरत रहेका बताइएको छ । सङ्घीय लोकसेवा आयोगबाट अन्य प्रदेशमा सिफारिस भएका कर्मचारीहरूको पदस्थापना भए पनि मधेश प्रदेशका कर्मचारीहरूको पदस्थापना नभएको सलौराले बताए । पदस्थापना नभएकाले थप सेवासुविधासमेत पाउन समस्या भएको आन्दोलनरत कर्मचारीहरूको भनाइ छ ।




# छानिए पत्रकारका नयाँ नेताहरु

*नेपाल पत्रकार महासंघको २७ औँ महाधिवेशन अन्तर्गत मधेश प्रदेश समिति र मधेशका ८ जिल्लामा नयाँ नेतृत्व चयन भएको छ ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेश समितिमा प्रेस चौतारी र प्रेस युनियनको गठबन्धनका उम्मेदवार श्याम बञ्जरा अध्यक्ष भएका छन् । महासचिवमा प्रेस सेन्टर, समाजवादी प्रेस संगठन, प्रेस मञ्चलगायतका संगठनका साझा उम्मेदवार शैलेन्द्र महतो (क्रान्ति) निर्वाचित भएका छन् ।
चौतारी र युनियनको गठबन्धनबाट उम्मेदवार बनेका बञ्जाराले ३ सय १३ मत ल्याए । प्रतिद्वन्द्वी अवधेश झा २ सय ४६ मतमा अडिए । यस्तै, महासचिवमा शैलेन्द्र महतो (क्रान्ति) ले ३ सय ९० मत पाए । प्रतिद्वन्द्वी राजन सिंह ३ सय २१ मतमा रोकिए । महिला उपाध्यक्षमा ज्योति झा, सचिवमा दीपक गौतम विजयी भएका छन् ।
यस्तै, नेपाल पत्रकार महासङ्घ सप्तरी शाखामा पुनः प्रेस युनियनबाट श्रवणकुमार देव निर्वाचित भएका छन् । प्रेस चौतारी, प्रेस युनियन तथा समाजवादी (प्रेस सङ्गठन)को संयुक्त प्यानलबाट अध्यक्ष पदका उम्मेदवार देवले ४५ मत प्राप्त गरे । प्रतिद्वन्द्वी वैद्यनाथ यादव ३७ मतमा अडिए ।
उपाध्यक्षमा देव समूहका अनिल पोखरेल र प्रेस मञ्चका रामनारायण विश्वासले समान ४२ मत प्राप्त गरेकामा गोलाप्रथाबाट विश्वास विजयी भए । महिला उपाध्यक्षमा सुधा देव, सचिवमा खगेन्द्र कार्की, सहसचिवमा कृष्णकुमार मण्डल, सहसचिव समावेशीमा डम्बर राई तथा कोषाध्यक्षमा नवीनकुमार गुप्ता विजयी भएका छन् ।
महिला सदस्यमा रक्षा चौधरी, दलित सदस्यमा किशोर पासवान र आदिवासी, जनजाति सदस्यमा बृजमान तामाङ निर्विरोध निर्वाचित भएका छन् । मधेशी सदस्यतर्फ अरुणकुमार यादव, समावेशीमा परिष कर्ण र खुला सदस्यतर्फ रामनारायण यादव, उत्तम आचार्य, नर्मदेव यादव तथा शिव आचार्य निर्वाचित भएका छन् ।
यस्तै, नेपाल पत्रकार महासङ्घ सिरहा शाखाको सम्पन्न निर्वाचनबाट अध्यक्षमा दोस्रो कार्यकालका लागि मनोज कुमार बनैता यादव निर्वाचित भएका छन् । उनले ३३ मत प्राप्त गरे । नेपाल प्रेस युनियन र प्रेस चौतारी गठबन्धनका उम्मेदवार राम बाबु यादव ३० मतमा रोकिए । प्रेस सेन्टरका हिरालाल चौधरीले १२ मत पाए ।
उपाध्यक्षमा युनियन र चौतारी गठबन्धनबाट रोयाण्टर मण्डल ३० मत ल्याएर निर्वाचित भए । सचिवमा प्रेस सेन्टरका मुकेश यादव, कोषाध्यक्षमा गठबन्धनका प्रेस चौतारी आवद्ध शुभ नारायण कामती, सहसचिवमा प्रेस युनियनका ऐलिना हिमाङग चौधरी र प्रेस चौतारीका धर्मेन्द्र पासवान निर्वाचित भए ।
यस्तै, नेपाल पत्रकार महासङ्घ धनुषा शाखा अध्यक्षमा पुरन साह निर्वाचित भएका छन् । साहले ८२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी नित्यानन्द मण्डलले ५१ मत पाए ।
उपाध्यक्षमा अवधेश कामत, महिला उपाध्यक्षमा नेहा झा, सचिवमा बटुकनाथ झा, सहसचिवमा अर्जुन मण्डल र दीपेश मल्लिक विजयी भए । कोषाध्यक्षमा गोविन्द महतो विजयी भए भने दलित सदस्यमा दिलीप दास, महिला सदस्यमा चाँदनी झा, आदिवासी जनजातिमा लक्ष्मी चौधरी, खुला सदस्यमा माला राय, राहुल सिंह, राजा झा, कमलेश ठाकुर, सुमित मिश्र, जीवनारायण झा, सपना कर्ण, समावेशी–मुस्लिम, अपाङ्गता सदस्यमा मो इन्तखाम आलम विजयी भएका छन् ।
यस्तै, नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखा अध्यक्षमा महेश दास निर्वाचित भएका छन् । दासले ३२ मत र उनका प्रतिस्पर्धी सन्तोष सिंहले २९ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।
यसैगरी, उपाध्यक्षमा अरविन्दकुमार झा, महिला उपाध्यक्षमा आशाकुमारी तोलाङ्गी, सचिवमा रामनारायण महतो, सहसचिवमा दीपककुमार पाण्डे, सहसचिव समावेशीमा शर्मिला घिमिरे, कोषाध्यक्षमा राजीवकुमार राय कुर्मी निर्वाचित भएका छन् । महासङ्घको समावेशीतर्फ सदस्यमा ममता विश्वकर्मा, रजनी कुमारी, निरञ्जन साह, विष्णु गुप्ता र खुला सदस्यमा उषा आचार्य, जीवनराज दाहाल, टेकप्रसाद पोखरेल, निरुताकुमारी चौधरी, विनयकुमार यादव, रञ्जित कापर, रामबाबु यादव र सरस्वती लामा निर्वाचित भएका छन् ।
यता, नेपाल पत्रकार महासंघ सर्लाहीको अध्यक्षमा ओमप्रकाश ठाकुर निर्वाचित भएका छन् । उपाध्यक्षमा मुकेश झा, उपाध्यक्ष महिलामा बन्दना झा, सचिवमा सोम दियाली, कोषाध्यक्षमा घनश्याम सिंह विजयी भएका छन् । यसअघि नै सहसचिवमा जनार्जन खत्री, समावेशी सहसचिवमा लक्ष्मण राय यादव, सदस्य अमलेश शर्मा र राधेश्याम कुशवाहा, आदिवासी जनजाति सदस्य रीना आले, मधेशी सदस्य निरज कुमार यादव, दलित सदस्य बुद्धबहादुर विश्वकर्मा (दीपक), महिला सदस्य मनिषा कुमारी कुशवाहा र अन्य समावेशी सदस्य बच्चेलाल पण्डित निर्वाचित भइसकेका थिए ।
यस्तै, नेपाल पत्रकार महासङ्घ रौतहटको अध्यक्षमा सञ्जय कुमार कार्की विजयी भएका छन् । उपाध्यक्षमा प्रेस सेन्टरका डिल्ली बहादुर कार्की, सचिवमा प्रेस चौतारीका गौतम श्रेष्ठ, सहसचिवमा खुलातर्फ जीतेन्द्र श्रीवास्तव र समावेशीतर्फ दिनेश यादव विजयी भएका छन् । कोषाध्यक्षमा सञ्जय कुमार सहनी विजयी भएका छन् ।
यस्तै, नेपाल पत्रकार महासङ्घ बाराको अध्यक्षमा रमेश सुवेदी निर्वाचित भएका छन् । समाजवादी प्रेस सङ्गठनका उम्मेदवार सुवेदीले नेपाल पत्रकार महासङ्घ बाराको अध्यक्ष पदमा जित हासिल गरेका हुन् । सुवेदीले ७१ मत प्राप्त गर्दै निकटतम प्रतिद्वन्द्वी श्याम यादवलाई चार मतको झिनो अन्तरले पराजित गरे । निर्वाचनपछि सुवेदीले आफ्नो जितलाई पत्रकारहरूको एकता र सहकार्यको सङ्केतका रूपमा व्याख्या गर्दै सबैलाई धन्यवाद ज्ञापन गरे ।
यता, नेपाल पत्रकार महासङ्घ पर्साको निर्वाचनबाट ओमप्रकाश खनालको नेतृत्वमा कार्यसमिति निर्वाचित भएको छ । कुल १ सय ६१ मत खसेको निर्वाचनमा पदाधिकारीहरूको चयन प्रतिस्पर्धात्मक र रोमाञ्चक थियो ।
उपाध्यक्षमा भूषण यादव, महिला उपाध्यक्षमा निलिमा पौडेल, सचिवमा विजय चौहान, सहसचिवमा अजय कुमार चौरसिया र एसके चौरसिया विजयी भए । कोषाध्यक्षमा सञ्जीव कुमार मिश्र, महिला सदस्यमा कमला भण्डारी, आदिवासी जनजाति सदस्यमा अजित कुमार भुजेल विजयी भए ।
मधेसी सदस्यमा आरोहण साह, खुला सदस्यमा राहुल गुप्ता, प्रमोद यादव, श्याम कुशवाह, रितेन्द्र झालगगायतका विजयी भएका छन् ।

## मधेशमा पर्यटकलाई कुनै समस्या छैनः मन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री शकिल मियाँले मधेश प्रदेशमा पर्यटकको सवारी साधनको आवतजावतमा कुनै अवरोध नरहेको बताएका छन् । मन्त्री मियाँले वीरगंजमा पर्यटक प्रहरी कार्यालय भृकुटीमण्डपको आयोजनामा एवम् होटेल व्यवसायी संघ पर्साको सहआयोजनामा सम्पन्न पर्यटक सुरक्षा र प्रवद्र्धनमा पर्यटकको भूमिका विषयक अन्तरक्रियामा यस्तो बताएका हुन् ।
मधेश प्रदेशका भारतीय सिमानाकासँग जाडिएकाले भारतीय पर्यटकलाई बोकेर आउने सवारी साधनलाई चेकजाचँको नाममा दुःख दिने काम सुरक्षा निकायद्वारा हुने गरेको गुनासो भ्रम फैलालाउने उद्देश्यबाट गरिएको उनको भनाइ छ । उनले मधेश प्रदेशमा पर्यटकीयस्थलको सम्भावना निकै रहेकाले प्रदेश सरकारले संघीय सरकारको सहकार्यमा त्यस्ता पर्यटकीय स्थलको पहिचान गरी पर्यटकीय तथा रमणीय स्थलको विकास र विस्तार गरिने जानकारी दिए ।
मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानीरिक्षक लालमणि आर्चायले नियतबस कुनै पनि भारतीय नम्बर प्लेटको सवारी साधनको आवत जावतका कुनै प्रकारको अवरोध प्रहरीबाट नहुने बताए । उनले खुला सिमानाकाका कारण केही समस्या देखिएको र आपाराधिक गतिविधिमा भारतीय नम्बर प्लेटको सवारी साधनको प्रयोग बेलाबखतमा हुने गरिएकाले निगरानी बढाइएको भए पनि पर्यटक बोकेको सवारी साधनमा कुनै अवरोध नहोस् भनि आफैँले निगरानी गर्ने गरेको बताए ।
कार्यक्रमका सभापति होटेल तथा पर्यटन व्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्तले मधेश प्रदेशमा पर्यटन र पर्यटन व्यवसायी मैत्री नभएकाले यसमा सुधारका साथै तीनै तहका सरकारको सहभागिता मैत्रीपूर्ण रुपमा हुनुपर्ने सुझाव दिए ।

# ‘जनतासँग जसपा नेपाल’ अभियान जारी रहने




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले ‘जनतासँग जसपा नेपाल, संगठन निर्माण अभियान’लाई आगामी माघ मसान्तसम्म जारी राख्ने निर्णय गरेको छ । पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार कार्यकारिणी समितिको बैठकले संगठन विस्तार अभियान प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यसलाई माघ मसान्तसम्मलाई निरन्तरता दिएको हो । शुक्रबार शुरु भएको बैठक शनिबार सम्पन्न भएको छ । बैठकले स्थानीय तहको उपनिर्वाचनमा मधेश प्रदेशसहित जसपा नेपालले देशैभरिबाट प्राप्त गरेको जनताको मत परिणाम सन्तोषजनक रहेपनि यो पर्याप्त नरहेकोले संगठन निर्माण एवम् विस्तार अभियानलाई अझ प्रभावकारी ढंगले अघि बढाउने निष्कर्ष निकालेको छ । आगामी संगठनात्मक कार्यदिशाका सम्बन्धमा बैठकले पूर्वपश्चिम राजमार्गमा संगठन निर्माणको लागि विशेष संगाठनिक कार्ययोजना तयार गर्ने निर्णय गरेको छ । महाधिवेशनपछि थप भएका क्रियाशील सदस्यता विवरण केन्द्रीय कार्यालयले आगामी फाल्गुन १५ गतेभित्र आद्यावधि गर्ने निर्णय गरेको छ । जसपा नेपालको पार्टीको स्थानीय तह र प्रदेश अधिवेशन चैत्र महिनाभित्र सम्पन्न गर्ने समेत निर्णय गरेको छ ।

आगामी वैशाख २५ गतेभित्र सम्पूर्ण प्रदेश तथा राष्ट्रिय समितिहरुको अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ । तर तोकिएको समयभित्र अधिवेशन सम्पन्न गर्न नसक्रे भातृ संगठन स्वतः विघटन हुने समेत निर्णय भएको छ ।

# लोसपाद्वारा युवा तथा विद्यार्थीलाई प्रशिक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेश कमिटीले वीरगंजमा युवा तथा विधार्थीहरुका लागी क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । वीरगंजमा आयोजित कार्यक्रममा मधेश प्रदेश सभा सदस्य जितेन्द्र सोनल, केन्द्रीय महासचिव मनिस मिश्रा, पर्सा जिल्ला अध्यक्ष पुरुषोतम लाल झाले युवाहरुलाई प्रशिक्षण दिएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरुले युवाहरु नै मुलुकको मेरुदण्ड भएको हुँदा देशको समग्र विकासका लागि युगावर्गहरु अघि बढ्नुपर्ने बताएका छन् । कार्यक्रममा युवाहरुले राजनिति तथा व्यक्तिगत जिवनमा आउने चुनौतिको सामना कसरी गर्ने वषयमा प्रशिक्षण दिइएको थियो ।

कार्यक्रममा लोसपा प्रदेश अध्यक्ष तथा प्रदेश सभा सदस्य जितेन्द्र सोनल, श्याम गुप्ता, श्रीराम गिरि, देवानन्द यादवलगायत पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# वीरगंज नाकाबाट नेपाली उत्पादनको निर्यातमा वृद्धि



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले आर्थिक वर्ष २०८१÷०८२ को पहिलो चार महिनामा नेपाली उत्पादनको निर्यातमा उल्लेखनीय वृद्धि देखाएको जानकारी दिएको छ । यस अवधिमा १२ अर्ब ८३ करोड ३३ लाख ६ हजार रुपैयाँको नेपाली सामान भारत र तेस्रो मुलुकहरूमा निर्यात भएको छ ।

वीरगंज नाका हुँदै भारत, डेनमार्क, अस्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाइल्यान्ड लगायतका देशहरूमा नेपाली उत्पादनका विभिन्न वस्तुहरू निर्यात भएका छन् । यीमध्ये तेल, जुस, कपडा, जुत्ता, फलामे पाता, जडीबुटी जस्ता वस्तुहरू विशेष रूपमा निर्यात भएका छन् । विशेष तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०८१÷०८२ को चार महिनामा २ अर्ब ८५ करोड ४३ लाख ९७ हजार मूल्य बराबरको फलफूल जुस र जाम भारत निर्यात गरिएको छ । यसै गरी, १ अर्ब ३९ करोड ४९ लाख ९८ हजार मूल्यको फलामे पाता, २ अर्ब २७ करोड ६५ लाख २२ हजार मूल्यको भटमास तेल र १ अर्ब ३२ करोड ६३ लाख १९ हजार मूल्यको सूर्यमुखी तेल पनि भारत पठाइएको छ ।

आर्थिक वर्षको पहिलो चार महिनामा ८६ करोड २४ लाख ५ हजार मूल्यको पिना, ४२ करोड ४० लाख ४८ हजार मूल्यको जमोठ कपडा, ६३ करोड ५४ लाख ८९ हजार मूल्यको विभिन्न आयुर्वेदिक जडीबुटी र १२ करोड ९३ लाख २८ हजार मूल्य बराबरको स्टिल पाइप समेत निर्यात भएको छ । यससँगै, १० करोड ५७ लाख ७९ हजार मूल्यको तयारी कपडा, २५ करोड ४९ लाख २० हजार मूल्यको मोलासिस, ४१ करोड ३२ लाख ५१ हजार मूल्यको कुकुर र बिरालोको खाना, ३१ करोड ६६ लाख ५९ हजार मूल्यको दन्तमञ्जन लगायतका उत्पादनहरू पनि निर्यात भएका छन् । निर्यातको वृद्धि वीरगंज भन्सार नाकाबाट नेपाली उत्पादनको विदेशी बजारमा अधिक पहुँच सृजना गर्ने सङ्केत मानिन्छ । भन्सार कार्यालयका प्रमुख दिपक लामिछानेले यस आशयको जानकारी दिएका छन् ।

# गरिब तथा असहायलाई निः शुल्क खाना

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब अफ वीरगंज आदर्शनगरले गरिब तथा असहायहरुका लागि निःशुल्क खाना वितरण गरेको छ ।

लायन्स क्लब अफ वीरगंज सखी एरिया ३ को सहकार्यमा वीरगंजको घण्टाघरस्थित ब्यारेक रोड नजिक रहेको शिव मन्दिरमा उक्त संस्थाले निःशुल्क खाना वितरण गरेको हो । कार्यक्रमका प्रमुख संयोजक विमल जैनले रिक्सा तथा ई–रिक्सा चालक, गरिब, असहाय, दलित, अति विपन्न परिवार तथा निमुखाहरूलाई निःशुल्क खाना वितरण गरिएको बताए । उनले समाजसेवा नै सबैभन्दा ठूलो धर्म रहेको भन्दै मानवीय कार्यलाई निरन्तरता दिइरहने प्रतिबद्धता व्यक्त गरे । लायन्स क्लब अफ वीरगंज आदर्श नगरका अध्यक्ष विमल जैनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका सचिव विजय अग्रवाल, सञ्चारकर्मी अभिलाष कुमार गुप्ता तथा क्लबका अन्य पदाधिकारीहरूको पनि उपस्थिति रहेको थियो ।

# नौतन किङ्गस्लाई एनपिएलको उपाधि

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाउँपालिका वार्ड नं ५ गण्डक चौक नजिकको क्रिकेट मैदानमा सम्पन्न नौतन प्रिमियर लिगको उपाधि भिडन्तमा नौतन किङ्गसले सफलता हात पारेको छ ।

शनिबार नौतन किङ्गस्ले नौतन रोयल्सलाई १ सय रनले पराजित गर्दै उपाधि जितेको हो ।

पहिले ब्याटिङ गरेको नौतन किङ्गस्ले २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ७९ रनको योगफल तयार पारेको थियो । १ सय ८० रनको लक्ष्य पछ्याएको नौतन रोयल्सले सबै विकेट गुमाएर ८० रन मात्र जोडन सक्यो ।

नौतन प्रिमियर लिगका विजेता टोली नौतन किङ्गस्लाई नेपाली कांग्रेस बारा निर्वाचन क्षेत्र नं ४ ख का सभापति लोकेश सिंहले ट्रफि र प्रमाण पत्र वितरण गरेका थिए ।

लिगमा बेस्ट ब्याटर धिरज साह, बेस्ट बलर राजकुमार सिंह, बेस्ट फिल्डर हरि शंकर साह, इमर्जिङ प्लेयर विशाल दास, प्लेयर अफ दि सिरिज गोबिन्द केशरी, प्लेअर अफ दि म्याच गोबिन्द केशरीलाई पुरस्कार वितरण गरिएको थियो ।

लिगको समापन समारोहमा प्रहरी निरीक्षक सुरेश राज भट्ट, नेपाली कांग्रेस बाराका जिल्ला सदस्य प्रमोद सिंह, तरुण दलका केन्द्रिय सदस्य राजकिशोर गुप्तालागयतको उपस्थिति रहेको थियो ।

# लायन्स शान्ति चित्रकला प्रतियोगिता सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा लायन्स क्लबले आयोजना गरेको विश्वव्यापी शान्ति चित्रकला प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको छ । प्रतियोगितामा ११ देखि १३ वर्ष उमेर समूहका बालबालिकाहरूले उत्साहपूर्वक भाग लिएका थिए । लायन्स डिस्ट्रिक्ट ३२५ एसको तर्फबाट प्रथम स्थान हासिल गर्ने जीएचपी स्कुल वीरगंजकी १२ वर्षीय विद्यार्थी राजननन्दनी साहलाई डिस्ट्रिक्ट गभर्नर ताशी डोल्माले सम्मानसहित पुरस्कृत गरेका थिए । नेपालभरिका १५ लायन्स डिस्ट्रिक्टमध्ये लायन्स डिस्ट्रिक्ट ३२५ आईका तर्फबाट प्रथम स्थान हासिल गर्ने काठमाडौँस्थित प्रारम्भ स्कुलकी विद्यार्थी आयास ज्ञवालीलाई डिस्ट्रिक्ट गभर्नर विनोद ढुङ्गानाले पुरस्कार प्रदान गरेका थिए । नेपालका प्रथम स्थान प्राप्त पोस्टरलाई लायन्स क्लबका मल्टिपल काउन्सिल प्रमुख रमेश लामाले अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धाका लागि पठाइएको छ । यसअघि, लायन्स क्लबका भूतपूर्व अन्तर्राष्ट्रिय निर्देशक सञ्जय खेतानको कार्यकालमा पोखराका एक विद्यार्थीको पोस्टरले विश्व स्तरमा तेस्रो स्थान हासिल गरेको उल्लेखनीय उदाहरण रहेको छ । विश्वभरका करिब २०० प्रतिस्पर्धीहरू सहभागी हुने यस प्रतियोगिताको विजेता तथा उनीहरूको अभिभावकलाई अमेरिकामा आयोजना हुने भव्य पुरस्कार समारोहमा विशेष आतिथ्यसहित सहभागी गराइने लायन्स क्लबका अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बिरलाकोटीले जानकारी दिए ।

यसैबिच, लायन्स क्लब सेन्ट्रल सिटीद्वारा आयोजित पिस पोस्टर प्रतियोगितामा नवदिप एकेडेमी, वीरगंजका १३ वर्षीय छात्र निधि साहलाई डिस्ट्रिक्ट ३२५ एस अन्तर्गत पुरस्कृत गरिएको छ ।






सम्पादकीय

# संकटमा सञ्चार उद्योग र सञ्चारकर्मीको अभाव

नेपाल पत्रकार महासंघको नयाँ नेतृत्व चयन भएको छ । मधेश प्रदेश समिति र मधेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्ला समिति चयन भएका छन् । जिल्ला समिति, प्रदेश समिति र केन्द्रीय दुई सदस्यसहित अन्य पदमा पनि मधेशको सम्मानजनक सहभागिता छ । जोड्दा मधेशका धेरै पत्रकारले यसपटक नेता हुने अवसर पाएका छन् । निर्वाचनका बेला उम्मेदवार हुने पत्रकारको संख्या हेर्दा त झण्डै वडाको चुनावजस्तै देखिएको छ । उठ्ने धेरै, भोट हाल्ने कम । रौतहटमा ४३ जना उम्मेदवार नै थिए, १५ भोट ल्याउनेले चुनाव जितेको अवस्था छ । अरु जिल्लामा पनि पदमा पुग्न पार्टी फेर्ने पत्रकार पनि यसपटक हेरियो । कोहीले चुनाव हारेपछि विभिन्न सामाजिक पद छाडेको देखियो, कोही टिकट नपाएपछि संगठन छाड्ने पनि देखिए । रमाइलो चैं, जति पत्रकारका समाचार पढेर 'हावादारी गफ' भन्दै समाजले उडाउँथ्यो, त्यसरी नै यसपटक पत्रकारहरुमै एकअर्काप्रति 'विश्वास' उडेको छ । जुन संस्थामा मरेर लागे, त्यही संस्थाले टिकट दिन चाहेन, टिकट पाएकालाई पनि हराउन र आफ्नालाई अरु संगठनमा भए पनि जिताउन पत्रकार नै र अझ नेताहरु नै निर्लज्जसँग लागेपछि के पार्टी, के संगठन, के गठबन्धन भन्ने प्रश्न उठेको छ।

योसँगै अर्को जटिल प्रश्न हो, समाचार लेख्ने पत्रकार खोइ ? जनताका मुद्दा उठाउने पत्रकार खोइ ? अनि जनताका मुद्दा उठाउने, जोखिम मोल्ने पत्रकारहरु पत्रकार महासंघमा खोइ ? महासंघमा पुग्न चाहने यस्ता जोखिम मोल्ने पत्रकारहरु पदमा पुग्नै रोकिएका छन् । कतै उम्मेदवार हुन नपाएर, कतै उम्मेदवार भए पनि पार्टीका संगठनमा नपरेर त कतै लेख्ने पत्रकारहरुको सदस्यता नै शुद्धीकरणका नामदेखि अनेक बहनामा पजनीमा परेर धेरै पत्रकार पत्रकार महासंघको रिङबाट बाहिरिएका छन् । सञ्चार उद्योगहरु मधेशमा फस्टाउन सकेका छैनन् । सञ्चार उद्योग सञ्चालनमा मधेश प्रदेश सरकार र स्थानीय सरकारको पनि खास चासोको विषय बन्ने गरेको छैन । मधेशको प्रदेश र केन्द्र सरकारमा टन्नै मन्त्री भए पनि मिडियालाई मुख थुन्नै पर्छ, तर्साउनै पर्छ भन्ने रगतले काम गरेको देखिन्छ । मिडियाले नै उनीहरुलाई नेता बनाएको हो, जनतामा चिनाएको हो, तर यतिखेर उनीहरु मिडियालाई नै मूलसत्रु ठान्ने गर्छन् ।

अब सञ्चार उद्योगीहरुको पीडा सुनौँ । उनीहरु भनिरहेका छन्, करोडौँ लगानी गरियो । रेडियो, टिभी, पत्रिका, अनलाइन खोलियो । लेख्ने पत्रकार खोइ, बोल्ने पत्रकार खोइन ? रिपोर्टिङमा जाने पत्रकार खोइ ? प्रविधि जानेको पत्रकार प्राविधिक खोइ ? कैयौँ रेडियोमा समाचार बन्द भएको छ । कार्यक्रमहरु धमाधम बन्द हुँदैछन् । मधेशका कैयौँ रेडियोमा त नेपाली भाषाको समाचार भन्ने स्थानीय पत्रकार अभाव भइसकेको छ । मधेशको राजधानी जनकपुरमै यो समस्या छ । यस्तो अवस्थामा माइक्रोफोन आफैँ बोल्दैन, पत्रिका आफैँ लेखिन्न, टिभीमा आफैँ कोही आउँदैन । अब्बल, जनताको मुद्दा उठाउन सक्ने, बोल्न सक्ने, लेख्न सक्ने पत्रकार र प्राविधिक नहुँदा सञ्चार उद्योगहरु धमाधम गोदाम हुने स्थितिमा छ । यस्तो अवस्थामा यतिधेरै पत्रकार नेताले चुनाव जितेका छन् । ३ वर्षपछि उनीहरुले साँच्चै जनताको मुद्दामा बोल्न, लेख्न र भन्न सक्ने पत्रकार उत्पादनमा जोड दिन सकेनन् भने यसपालि त पार्टीहरुले चुनाव जिताउन उर्दी मात्रै जारी गरे, अर्को चुनावमा भोट हाल्न पनि पार्टीले कार्यकर्ता पठाउन बेर छैन।

# राज्यका तीनै अंगको समीक्षा गरौँ



नारायणप्रसाद दाहाल

संघीय संसदका पदाधिकारी तथा सदस्यहरू र कर्मचारीहरूको बलियो सहकार्यले मात्र संसदलाई अझ सक्षम, प्रभावकारी र जवाफदेही बनाउन सकिन्छ भन्ने मलाई लाग्दछ । म संघीय संसद सचिवालयका सबै कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु, जसले आफ्नो निष्ठा, लगनशीलता, दक्षता र मेहनतबाट संसदलाई सुदृढ र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पु¥याउनुभएको छ।

संसदको मुख्य काम कानुन निर्माण, संसदीय निगरानीका साथै सरकारलाई जनताप्रति उत्तरदायी बनाउन निरन्तर खबरदारी गरिरहनु हो। आजको संसदले आफ्नो मुख्य काममा कति प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ? संसद सेवा र यसको आकर्षण, संघीय संसदको जिम्मेवारी र सांसदहरूको भूमिका कस्तो छ ? २३ वर्षअघि जुन लक्ष्य, उद्धेश्य र सोच लिएर अलग्गै संसद सेवा गठन गरिएको थियो, त्यसको लक्ष्यमा हामी पुग्न सक्यौं कि सकेनौं ? स्वायत्त सेवाको रूपमा गठन गरिएको संसद सेवाले संसदको प्रभावकारितामा योगदान दिन के कस्ता बाधा व्यवधानहरू भोगिरहेको छ ? संसद सेवा आफैमा कति स्वायत्त र बलियो छ ? संघीय संसद सेवा दिवस मनाइरहँदा हामीले यस्ता सवालहरूमा विभिन्न फोरममा छलफल गरेर निष्कर्ष निकाल्नुपर्छ भन्ने लाग्छ।

म विशेष जोड दिएर भन्न चाहन्छु – हरेक वर्ष मनाइने यस संसद सेवा दिवसका सन्दर्भमा मात्र छलफल बहस गरेर पुग्दैन । संसदको आवश्यकताअनुसार संसद सेवाको पुनःसंरचनाका लागि नीतिगत तथा व्यावहारिक पहलकदमी बढाउन जरुरी छ । हामीले संविधानमै राज्यका तीन अंग र तिनको सन्तुलित भूमिकालाई प्रष्ट गरिसकेका छौं । यसका बारेमा धेरै उल्लेख गरिरहनु जरुरी छैन । तर, व्यवहारिक रूपमा त्यसको प्रयोग भइरहेको छ कि छैनन् ? यसबारे हामी सबै पक्षले समीक्षा गर्न जरुरी छ।

संसद सेवा दिवसको सन्दर्भमा हामीले विगतका उपलब्धिमा टेकेर कमी कमजोरीको निर्मम समीक्षा गरि सुधारका लागि नयाँ पहल गर्नुपर्दछ । मलाई के लाग्छ भने संसदलाई अझ सक्षम, प्रभावकारी र बलियो बनाउनका लागि संसद सेवालाई समयानुकूल परिमार्जन गर्न अब ढिलाइ गर्नुहुँदैन । संसद सेवा प्रशासनिकभन्दा प्राविधिक क्षेत्र बढी रहेछ भन्ने मैले महसुस गरेको छु । सभा सञ्चालन तथा व्यवस्थापन र सांसदहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्नु आफैमा प्राविधिक लगायत विशिष्ट काम हो भन्ने हामीमा बुझाइ छ।

ऐन कानून निर्माण, सरकारका कामकारबाहीमा निगरानी जस्ता कार्यहरू विशेषज्ञ समूहबाट हुने कामहरू हुन् । त्यसैले सञ्चार प्रविधिको विकाससँगै हाम्रो संसद सेवालाई प्रविधिसँग जोड्दै प्रभावकारी सेवा प्रवाहका लागि हामीले डिजिटल प्रविधिको अधिकतम उपयोगमा ध्यान दिन जरुरी छ।

संसदका हरेक गतिविधिमा जनताको सहज पहुँच र सहभागितालाई कसरी बढाउने भन्नेतर्फ पनि हामीले विशेष ध्यान दिनुपर्दछ । संसदका गतिविधिहरूमा जनताको प्रत्यक्ष पहुँच सुनिश्चित गर्न अनलाइन प्लेटफर्ममार्फत् जनताको राय संकलन र उनीहरूको प्रश्नहरूको जवाफ दिने प्रणाली लागू गर्नु उचित हुन्छ । यसका अतिरिक्त संसदका गतिविधि जनतामाझ सहज रूपमा पु¥याउन थप काम गर्न जरुरी छ भन्ने मलाई लाग्छ।

त्यस्तै, विधेयक निर्माणदेखि त्यसको कार्यान्वयनसम्मको प्रक्रियालाई सहज र द्रुत बनाई गुणस्तरीय कानुन निर्माणमा हामीले धेरै नै मेहनत गर्न जरुरी छ। संसदको प्रभावकारिताका लागि संसदभित्र अनुसन्धानात्मक प्रणालीलाई बलियो बनाउन संसदीय अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्नपर्ने मैले आवश्यकता देखेको छु।

जनता, सरकार र संसदको सहकार्यलाई प्रभावकारी बनाउन, संसदलाई राष्ट्रिय हितका मुद्दाहरूमा एकताबद्ध बनाउन र जनतामा संसदप्रति विश्वास र सम्मान कायम राख्न संसद सेवाका कर्मचारीहरूको भूमिका महत्त्वपूर्ण रहन्छ भन्ने लाग्छ । यसका लागि संसद सचिवालयका कर्मचारीहरूको दक्षता अभिवृद्धि प्रमुख विषय हुन जान्छ।

एकात्मक शासन व्यवस्था रहेको अवस्थामा स्थापना भएको संसद सेवा आज संघीय शासन प्रणाली अनुसार सञ्चालन गर्दा थुप्रै चुनौती र अप्ठ्याराहरू देखिएका छन् । त्यसैले समयानुकूल संसद सेवाको पुनःसंरचना गर्न आवश्यक भइसकेको छ । त्यसका लागि विद्यमान कानुनी व्यवस्था, परीक्षा प्रणाली, कर्मचारीलाई दिइने सेवा सुविधा र संरचनामा पनि परिमार्जन गर्नुपर्छ भन्ने मलाई लागेको छ।

संघीय संसदको नयाँ भवन यथाशीघ्र निर्माण सम्पन्न गराउने विषयमा हाम्रो तर्फबाट सरकार र सरोकारवाला निकायलाई प्रत्यक्ष अनुगमनका साथै अन्य माध्यमबाट निरन्तर दबाब दिइरहेको विषयमा तपाईँहरू जानकार नै हुनुहुन्छ । नयाँ भवनको निर्माण सम्पन्न नहुँदासम्म उपलब्ध स्रोत साधनको अधिकतम उपयोग र व्यवस्थापन गर्दै अगाडि बढ्नुको हामीसँग विकल्प छैन।

संसद सेवामा कार्यरत कर्मचारीहरूको वृत्ति विकासमा समस्याहरू रहेकै छन् । यस्ता समस्या समाधानका लागि विद्यमान केही ऐनहरूमा समयसापेक्ष संशोधन र केही कानुनहरू एकीकरण गर्नुपर्ने हामी सबैले महसुस गरेकै छौँ । संसदले दिने परिणाम राम्रो र प्रभावकारी बनाउने उद्धेश्यमा केन्द्रित भइसकेपछि कर्मचारीहरूको वृत्ति विकासमा हामीले कुनै कन्जुस्याँइ गर्नुहुँदैन भन्ने मलाई लाग्छ । तसर्थ संसद सेवामा कार्यरत कर्मचारीहरूको उत्प्रेरणा बढाइराख्न सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति सदस्यको हैसियतले खेल्नुपर्ने भूमिकामा कमी नआउने कुरामा म विश्वास दिलाउन चाहन्छु।

अन्तमा, संघीय संसद सेवा दिवसको यस अवसरमा हामीले विगतमा प्राप्त गरेका उपलब्धिमा टेकेर कमी कमजोरीको समीक्षा गर्दै आगामी दिनमा यस सेवालाई अझ प्रभावकारी बनाउनका लागि प्रतिबद्धता व्यक्त गर्नुमा नै हाम्रो इमान्दारिता र जवाफदेहिता झल्किन्छ भन्ने मलाई लाग्छ । जनताका आकांक्षाको सम्बोधन गर्न र संसदलाई अझ पारदर्शी, समावेशी र जनमुखी बनाउन हामी सबैले प्रयास जारी राखौँ । संसद सेवालाई आकर्षक, सम्मानित एवं गरिमामय सेवा बनाउन मेरो तर्फबाट सदैव पहलकदमी रहनेछ।

# 'राज्यवाद' र 'नागरिकतन्त्र'को लडाइँमा तपाईं कुन पक्षमा ?



डम्बर खतिवडा

राज्य बलियो हुनु पर्छ कि नागरिक ? राज्य धनी हुनु पर्छ कि नागरिक ? राज्य शक्तिशाली हुनु पर्छ कि नागरिक ? राज्य पहिलो हो कि नागरिक ? राज्यले नागरिक जन्माएको हो कि नागरिकले राज्य ? राज्यका लागि नागरिकले बलिदान गर्ने कि नागरिकका लागि राज्यले योगदान गर्ने हो ? के नागरिक राज्यको अस्तित्व र औचित्यको पुष्टिका लागि सधैँ गरिब, शक्तिहीन भइदिनु पर्ने निरीह, लाचार र बलिको बोकाजस्तो प्राणी हो ?

यी दुईमध्ये तपाई कुन सोच वा अवधारणामा विश्वास गर्नु हुन्छ ? राज्यवादको कि नागरिकतन्त्रको ? हुन सक्दछ हामीमध्ये धेरैले अहिलेसम्म यसरी सोचेका छैनौँ । 'राज्य' र 'नागरिक' दुबैलाई एउटै मानिरहेका छौँ वा राज्यलाई नागरिकभन्दा प्राथमिक, ठूलो र सर्वोच्च मानिरहेको छौँ । यदि त्यसो गरिरहेका छौँ भने हामी ठूलो भ्रममा छौँ।

यथार्थमा 'राज्यवाद' र 'नागरिकतन्त्र' भिन्नाभिन्नै अवधारणा हुन् । हो, नागरिक र राज्य एकअर्कामा जोडिएका हुन्छन् तर, कुन प्रथम र सर्वोच्च हो भन्ने सोचको भिन्नताले धेरै ठूलो भिन्नता ल्याउँछ । तर, कतिपयलाई यस्ता प्रश्न अनावश्यक र अतिरञ्जनापूर्ण पनि लाग्न सक्दछन् । पख्नोस्, राज्यवाद र नागरिकतन्त्र किन फरक हो भन्ने केही उदाहरणमा हेरौँ।

एक–नेपालको कुल क्षेत्रफल कालापानी, लिम्पियाधुरा, लिपुलेक इलाकासमेत १,४७,५१६ वर्गकिलोमिटर हो । यसभित्र हामी करिब ३ करोड मानिस बसोबास गर्दछौँ । यसमध्ये ४५.३१ प्रतिशत वन क्षेत्र र २३.४ प्रतिशत संरक्षित तथा निकुञ्ज क्षेत्र छ।

आर्थिक सर्वेक्षण २०८०–२०८१ काअनुसार प्रतिनागरिक वन क्षेत्र ०.२ हेक्टर हुन्छ । यसले कुल ग्राहस्थ्य उत्पादनमा ३.५ प्रतिशतको मात्रै योगदान गर्दछ । तर, बाँकी ५५ प्रतिशत जमिनमध्ये ५ प्रतिशत सडक,पोखरी, स्कुल, कलेज, अस्पताल, खेद मैदान, पार्क आदि छोडर ५० प्रतिशत जमिनमा आवास र कृषि कार्य हुन्छ।

६२ प्रतिशत मानिस कृषि कार्यमा संलग्न छन् । ६७ प्रतिशतले आफूलाई कृषक परिवारको सदस्य ठान्दछन् । कृषिले देशको अर्थतन्त्रमा करिब २४ प्रतिशतको योगदान गर्दछ । यहाँनेर ध्यान दिनुहोला, नागरिकसँग भएको ५० प्रतिशत भूमिले अर्थतन्त्रमा २४ प्रतिशतको योगदान गर्दछ, राज्यको स्वामित्वमा भएको करिब ४५ प्रतिशतले ३.५ प्रतिशत मात्र । अर्कोतिर २४ प्रतिशत अर्थात ७२ लाख मानिस (करिब १६ लाख परिवार) देशमा भूमिहीन छन्।

यसको अर्थ हो कि हाम्रो राज्य अहिले पनि भूमिको हिसाबले 'धेरै ठूलो जमिन्दार' हो। तर, दुर्भाग्य ४५ प्रतिशत जमिनबाट ३.५ प्रतिशत आम्दानी गर्दैछ । तर, वन, निकुञ्ज आदिको प्रशासनिक खर्च भने त्योभन्दा धेरै हुन्छ । त्यो नागरिकको करबाट बेहोरिन्छ । यति ठूलो उत्पादनस्रोत लागत केन्द्र मात्र बनेको छ । किन ? राज्यवादको एक राम्रो उदाहरण हो यो।

छिमेकी देश चीनमा २२.९६ प्रतिशत र भारतमा २१.७१ प्रतिशत मात्र वन क्षेत्र छ। श्रीलङ्का छोडेर दक्षिण एसियाका अरु कुनै पनि देशमा २० प्रतिशतभन्दा धेरै वन क्षेत्र छैन । पाकिस्तान र अफगानिस्तानमा २ प्रतिशतभन्दा पनि कम छ।

यो उदाहरणबाट के प्रष्ट हुन्छ भने भूमिस्रोतका हिसाबले नेपालमा एकजना पनि नागरिक भूमिहीन हुनु नपर्ने हो र वन क्षेत्रले कम्तीमा देशको अर्थतन्त्रमा २५ प्रतिशतको योगदान गर्नुपर्ने हो । तर, त्यसो भइरहेको छैन । यस्तो विडम्बनाको कारण नै 'राज्यवाद' हो । राज्यवादको सिद्धान्तमा पर्सा र चितवनमा विशाल निकुञ्ज बन्छन् । तर, त्यसको छेउछाउ बस्ने चेपाङहरू भने पुस्तौंदेखि भूमिहीन नै रहन्छन्।

ठोरीमा राममन्दिर स्थापना गर्न रातारात सयौं बिघा जमिन भेटिन्छ । चेपाङहरूको व्यवस्थित वस्ती बसाल्न १०÷२० बिघा कहिल्यै भेटिँदैन । 'जमिन्दार राज्य' र 'भूमिहीन नागरिक' बीचको भिन्नता के राज्यवाद र नागरिकतन्त्रबीचको हैन ?

यदि हामी राज्यवादको साटो नागरिकतन्त्रमा हुन्थ्यौँ भने देशको एउटा पनि नागरिक कहिल्यै भूमिहीन हुने थिएन। किनकि, नागरिकको भूमिहीनता स्रोतको अभावले हैन, राज्यलाई भूमिपति बनाइराख्ने नाममा जानाजान रचिएको षड्यन्त्र मात्रै हो।

दुई– नेपालको भन्सारमा सवारी साधनमा २०० देखि ३०० प्रतिशतसम्म महसुल लगाइन्छ । भारतमा १० लाख पर्ने कार नेपालमा ल्याएर सबै प्रक्रिया पूरा गर्दा ४० लाखभन्दा बढी पर्दछ । यस्तो किन हुनुपर्ने ? के नागरिकले सवारी साधन किन्नु वा चढ्नु कुनै अपराध हो ? कि त देशभित्र त्यसको उत्पादन गर्न÷गराउन सक्नु प¥यो, कि त गाडी चढ्नु कुनै पाप वा अपराध हो भन्नु प¥यो । अथवा देशभित्र उत्पादन नहुने अत्यावश्यकीय वस्तुमा कम भन्सार लगाउनु प¥यो।

यदि हामी नागरिकतन्त्रमा विश्वास गर्दथ्यौं भने यस्ता सबै अत्यधिक तथा अस्वाभाविक कर अबिलम्ब खारेज हुनु पर्दछ । यदि हामी राज्यवादको साटो नागरिकतन्त्रमा हुन्थ्यौँ भने त्यस्तो कारको मूल्य २० लाख पर्थ्यो र, २० लाखको बचत नागरिकको बुढेशकालको जिन्दगी चलाउने आधार बन्थ्यो।

यस्तो किन नभएको होला ? यसको कारण 'राज्यवाद' हो न कि 'नागरिकतन्त्र' । राज्य पाल्ने, राज्यलाई बलियो बनाउने, नेता र कर्मचारी पाल्ने नाममा नागरिकलाई लुटिएको हो । अस्वाभाविक भन्सार महसुल तथा कर वैधानिक लुट हो र त्यस्तो राज्य 'लुटेरा–राज्य' हो।

अझै यहाँ तथाकथित प्रगतिशीलताको नाममा करका दर बढाउने कुरा हुन्छ । बढाइरहिएको छ । कथित केही अर्थशास्त्री र बुद्धिजीवी राजस्व परिचालन क्षमताको दृष्टिकोणबाट आर्थिक प्रभावकारिताको मापन गरिहेका हुन्छन् । नागरिकले आफ्नो श्रम, पसिना र लगानीबाट कमाएको पैसा नेता र कर्मचारी पाल्न राज्यलाई किन दिने ? राज्यको अस्तित्व र औचित्यसिद्ध गर्ने नाममा यो कति ठूलो अपराध हो ?

यदि तलबभत्ता खाने पैसा पुग्दैन भने राज्यको आकार घटाउनु प¥यो, सांसद, सेना, प्रहरी, कर्मचारीतन्त्रलगायत राज्य संयन्त्र कटौती गर्नु प¥यो, भन्सार र कर बढाउने हैन । अहिले नागरिकले यति धेरै कर तिर्दातिर्दै पनि देशको वास्तविक बजेटको ८२ प्रतिशत चालु खर्च हुन्छ । यति ठूलो आकारको राज्य किन चाहियो ? के राज्यले दिने २–४ लाखको रोजगारीले विकसित र धनी भएको कुनै देश संसारमा छ ? यति सानो अनुपातको रोजगारीका लागि करोडौंले त्यतिधेरै कर तिर्नु पर्ने भन्ने छ ?

यदि हामी राज्यवादको साटो नागरिकतन्त्रमा हुन्थ्यौँ भने हामीले चालु खर्च ३०÷४० प्रतिशतमा आउने गरी राज्यको साइज कटौती र सोही अनुपातमा नागरिकमाथि लादिएको कर कटौती गर्नुपर्ने थियो । संसारका धेरैजसो विकसित अर्थतन्त्र भएका देशमा राज्यले दिने रोजगारी कुल जनसंख्याको ३ प्रतिशतभन्दा कम र चालु खर्च ४० प्रतिशतभन्दा कम हुन्छ।

तीन–कोभिड–१९ महाव्याधिको बेला सरकारले लकडाउन ग¥यो । हजारौं मानिस सीमा क्षेत्रमा अलपत्र परे । देशभित्रै हजारौँ किलोमिटर हिँडेर मानिस घर गए । सीमा क्षेत्रमा मान्छे पालमुनि थुप्रिएर बस्दा संक्रमणको डर झन् धेरै हुन्थ्यो कि आ–आफ्नो घर जाँदा ? निःसन्देह घर जान दिएको भए संक्रमणको भय पनि कम हुन्थ्यो, मान्छेका दुःख पनि कम हुन्थे । अझ राज्यले सवारी व्यवस्था गरेर घरघर पु¥याइदिन र क्वारेन्टाइन नियम पालनाका लागि अनुरोध गर्न सक्दथ्यो । तर, त्यसो गरिएन।

मान्छे बिरामी हुँदा पनि घर जान, आफन्तकहाँ जान नपाउने, खुला आकास, झरी बादल, घाम, हिंस्रक र विषालु जनावरको भयका बीच बस्न बाध्य पार्ने किन जरुरी पर्थ्यो ? किनकि, राज्यले आदेश जारी ग¥यो । राज्यको आदेशको इज्जत राख्दिन नागरिकले अनाहकमा दुःख र सास्ती खप्न प¥यो । यदि हामी राज्यवादको साटो नागरिकतन्त्रमा हुन्थ्यौँ भने कोभिड–१९ लकडाउन व्यवस्थापन गर्ने तरिका नै भिन्नै हुन्थ्यो।

यी ३ उदाहरणबाट सायद यो प्रष्ट भयो होला, राज्यवाद के हो र नागरिकतन्त्र के हो ? अब तपाई आफैँ छनोट गर्नुहोस् कि यो लडाइँमा तपाईं कुन पक्षमा ? राज्यवादको पक्षमा कि नागरिकतन्त्रको पक्षमा ?

यी त केही उदाहरण मात्र हुन् । हाम्रो सोच, राज्यप्रणाली र राजनीतिक चिन्तनमा 'राज्यवाद' सर्वत्र हाबी छ । बहुदलीय व्यवस्थामा दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र हाबी हुनु पनि राज्यवाद नै हो । किनकि, तिनले राज्यको सन्निकटताबाट त्यस्ता तन्त्र चलाउने अवसर पाएका हुन्छन् । राज्यवादी दलतन्त्र र नागरिकतन्त्रमा विश्वास गर्ने लोकतान्त्रिक राजनीतिक दलबीच धेरै ठूलो भिन्नता हुन्छ।

सरकारी कार्यालयमा कर्मचारी, प्रशासकआदिले सेवाग्राहीसँग गर्ने व्यवहार राज्यवादको अर्को ज्वलन्त उदाहरण हो । 'राज्यको सिन्दूर पहिरिए' को नाममा ती सेवाग्राहीलाई अनेक प्रकारले हेपिरहेका हुन्छन्।

राज्यवाद र नागरिकतन्त्रको लडाइँ कुनै शास्त्रीय विचारधाराबाट सम्बोधन हुन सक्दैन । जस्तो कि राष्ट्रवाद, फाँसीवाद, सम्वर्द्धनवाद, समाजवाद, साम्यवाद आदि । यी दार्शनिक विचारधाराका दृष्टिकोणले फरक–फरक हुन् । तर, यी सबै राज्यवादी विचारधारा हुन् । यिनले नागरिकलाई हैन, राज्यलाई बलियो बनाउने, उत्पादन साधनको राष्ट्रियकरण गर्ने धारणा राख्दछन्।

स्रोत साधनको राष्ट्रियकरणले नागरिक धनी हुँदैन । उत्पादनका साधन, प्राकृतिक स्रोत राष्ट्रियकरण गरेर नागरिक लाभान्वित हुँदैनन्, राज्यको संयन्त्रमात्र बलियो हुन्छ । राष्ट्रियकरण गरिएका सम्पत्तिमा नेता र कर्मचारीको हालीमुहाली हुन्छ, आम नागरिक चिल्लै । जस्तो कि नेपालको वनजंगल राष्ट्रियकरण गरिएकै छ । तर, नागरिकलाई त्यसबाट खै के फाइदा भयो ? भन्न त 'हरियो वन, नेपालको धन' भनिन्छ । तर, के त्यसबाट नागरिकले कुनै लाभांश अहिलेसम्म पाएका छन ?

अहिले पनि नागरिकले महङ्गो बजारमूल्यमा विदेशी काठ र फर्निचर किन्न पर्दछ । राष्ट्रिय अर्थतन्त्रमा ३.५ प्रतिशतको झिनो योगदान छ । रोजगारी सृजनामा कुलमध्ये ७ प्रतिशतको योगदान छ । बरु राष्ट्रियकरणको साटो लिज प्रणालीमा गएर जंगलभित्रै ठूला–ठूला होटल, रिसोर्ट बनाउन दिएको भए पर्यटन बढ्थ्यो, रोजगारी सृजना हुन्थ्यो । वनको वैज्ञानिक व्यवस्थापन गरेको भए आयात रोकिन्थ्यो।

नेपालमा धेरै तथाकथित प्रगतिशील, समाजवादी र साम्यवादी यो भ्रममा छन् कि राष्ट्रियकरणले समस्याको समाधान हुन्छ, बिल्कुल हुँदैन । बरु झन् बढ्दछ । राज्यवादमा स्रोतसाधनको राष्ट्रियकरण गरिन्छ, नागरिकतन्त्रमा स्रोतसाधनको 'नागरिकीकरण' गरिन्छ । 'राष्ट्रियकरण' र 'नागरिकीकरण' बीचको भिन्नता हामीले बुझ्न आवश्यक छ।

कतिपय ठान्दछन् कि राज्यसँग हुनु भनेको नागरिकसँग हुनु हो । बिल्कुलै हैन । राज्यसँग भएको चिज नागरिकसँग चुहिएर थोरै मात्र पुग्दछ, त्यसको ठूलो हिस्सा नेता, प्रशासक र राज्य संयन्त्रले उपभोग गर्दछ, नागरिकलाई दिँदैन।

अब प्रश्न उठ्ला, यो नागरिकीकरण भनेको के हो ? कसरी गरिन्छ वा गर्न सकिन्छ ? धेरैलाई यो भ्रम पनि पर्ला नागरिकीकरण भनेको चल्तेचलाते अर्थको निजीकरण त हैन ? हैन । निजीकरण भनेको राष्ट्रिय सम्पत्तिको 'कर्पोरेटाइजेसन' हो । सीमित व्यक्ति र समूहलाई मात्र अधिकार, स्वामित्व र मुनाफा दिनु हो । नागरिकीकरण भनेको राष्ट्रिय सम्पत्तिलाई आम नागरिकको साझा सम्पत्तिका रूपमा विकास गर्नु हो । राष्ट्रिय सम्पत्तिको आय सिधै प्रति नागरिकको हातमा पुग्ने अवधारणा र संयन्त्र निर्माण हो।

जस्तो कि सगरमाथा हिमाल देशका सबै नागरिकको हो भने त्यसबाट हुने आम्दानीमा हरेक नागरिकको सेयर हुनु प¥यो । मानौँ कि सगरमाथा सार्वजनिक निगम भन्ने एउटा संस्था बन्यो । प्रत्येक घरधुरी त्यसका सेयर सदस्य बने । त्यसले गर्ने वार्षिक आम्दानी प्रत्येक घरधुरीको बैंक खातामा सिधै जाने प्रणाली विकसित गरियो भने त्यो नागरिकीकरण हो।

यसको अर्थ यो हैन कि निजी क्षेत्रलाई कमजोर पार्नु पर्दछ । निजी क्षेत्र पनि नागरिक नै हुन् । राज्यसँग हुनुभन्दा निजी क्षेत्रसँग हुनु राम्रो हो । कम्तिमा केही नागरिक त बलिया हुन्छन् । यहाँ उल्टो सोचिन्छ । राज्य बलियो भयो भने नागरिक कमजोर हुन्छन् । किनकि, नागरिकको शोषण नगरिकन राज्य बलियो हुनै सक्दैन। तर, नागरिक बलिया भए भने राज्य कमजोर हुँदैन । किनकि, बलिया नागरिकले आफूलाई बलियो बनाउने राज्यको माया गर्दछन् र जोगाउँदछन्।

स्विट्जरल्याण्डको उदाहरणमा भन्ने हो भने नागरिकले खासखास बेलामा जनमत संग्रहमार्फत कर बढाउन निर्णय दिएका छन् । नागरिक धनी भएपछि राज्यप्रति यस्तो भावना पलाउँछ । तर, राज्य बलियो, धनी र शक्तिशाली भयो भने धन र शक्तिमाथि सीमित व्यक्तिको ओलीगार्की अर्थात् अल्पाधिकार कायम हुन्छ र त्यो दुरुपयोग वा निष्क्रिय हुन्छ । संसारभरि त्यही देखिन्छन् कि जहाँ राज्य बलियो हुन्छ, त्यहाँ नेता र प्रशासक मात्र बलिया र धनी हुन्छन् । नेता र कर्मचारीले मस्ती मार्छन्, अन्य नागरिकले टुलुटुलु हेरेर बस्नुबाहेक कुनै विकल्प हुँदैन।

राज्य, नागरिक–नागरिकबीचको सामाजिक सम्झौताबाट जन्मिन्छ । तसर्थ, राज्य नागरिकको हित र आवश्यकताको 'व्यवस्थापनकारी संस्था' बन्नु पर्दछ । तर, यहाँ राज्य नागरिकमाथि अनेक अनावश्यक नीति, नियम, ऐन कानून लाद्ने, नागरिकलाई अनेक झन्झट लगाएर निरुत्साहित गर्ने, नागरिकको उत्साह, जाँगर, उद्यमशीलता र उत्पादकत्व कमजोर पार्ने 'शासनकारी संस्था' बनेको छ । यो असङ्गतिको अन्त्य नगरिकन नागरिक हित सम्भव हुँदैन । देश धनी बन्न सम्भव हुँदैन । नागरिक सुखी हुन सम्भव हुँदैन।

दुर्भाग्य हो कि हामी आफू लागेको पार्टी, आफूले मानेको नेता, आफू संलग्न गुट वा स्वार्थ समूहभन्दा बाहिर पनि ज्ञान, विवेक, उपाय, सत्य र सौन्दर्य छ भन्ने यथार्थ आत्मसात नै गर्दैनौँ । यही कारण हो कि हामी गरिब, निरीह र भ्रष्ट हुन अभिशप्त छौँ।

अब 'राज्यवाद' र 'नागरिकतन्त्र'बीच फरक गर्न सिकौँ, फरक गर्न सकौँ । राज्यवाद र नागरिकतन्त्र बीचको लडाइँमा आफ्नो कित्ता प्रष्ट पारौँ । राज्यवादलाई ध्वस्त गर्न र नागरिकतन्त्रको पक्षबाट लडौँ । त्यसो गरे कसो होला ? नेपालभ्यूज

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘विकास निर्माणका काम छिटो गरौँ भन्ने चाहना छ’

**नवलपरासी ।**
उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले नवलपरासी (बर्दघाट–सुस्तापूर्व) नवलपुरको नमूना सदरमुकाम निर्माणमा देखिएका समस्या समाधान गर्ने विश्वास दिलाएका छन् ।
नवलपुरको कावासोतीमा जिल्ला समन्वय समिति नवलपुरले शनिबार आयोजना गरेको नमूना सदरमुकाम निर्माणसम्बन्धी अन्तरक्रियामा मन्त्री सिंहले सदरमुकाम निर्माणका लागि बजेटको व्यवस्था भएपनि रूख कटानको विषयले गर्दा काम अघि बढ्न नसकेको भए पनि यसको गाँठो फुकाउन आफूले पहल गर्ने बताउका हुन् ।
रूख कटानको विषय र भूमिको विषयमा सम्बन्धित मन्त्रीसँग समन्वय गरी सदरमुकाम निर्माणमा देखिएको प्राविधिक समस्या समाधानमा चाँडै पहल गर्ने उपप्रधानमन्त्री सिंहले बताए ।
देश केन्द्रीकृत एकात्मक व्यवस्थाबाट सङ्घीयतामा गएपछि बन्न लागेको नमूना सदरमुकाम सबैले हेर्न चाहेकाले यसलाई कार्यान्वयनका लागि विधि, प्रक्रिया पूरा गर्न आफू लागिरहेको र थप पहल गर्ने बताए ।
‘काम सबैले छिटो गरौँ भन्ने नै हुन्छ, तर चाहेर मात्र नहुँदो रहेछ, त्यसका विधि, प्रक्रियाहरू पु¥याउँदै लैजानुपर्ने रहेछ, अहिले जुन गाँठो परेको छ, त्यसलाई फुकाउन लागि परिरहेको छु’, उपप्रधानमन्त्री सिंहले भने,‘समस्या समाधान गरेर चाँडै यो योजना अघि बढ्छ भन्ने विश्वास दिलाउन चाहन्छु ।’
नवलपुरको कावासोतीमा रहेको एक सय ८४ बिघा जग्गामा सङ्घ, प्रदेश र जिल्लाका आवश्यक कार्यालयहरू निर्माण गर्नेगरी नमूना सदरमुकाम निर्माणको योजनाअनुरूप विसं २०७६ वैशाख ७ नमूना सदरमुकाम निर्माणको प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए । रासस

# ‘नवीन योजनाका साथ पार्टी काममा जुट्न निर्देशन’

**काठमाडौं ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले नयाँ ढंगले पार्टीका कामकारबाहीलाई अघि बढाउन नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन् । एमाले लमजुङ–काठमाडौं सम्पर्क मञ्चले शनिबार राजधानीमा आयोजना गरेको विभिन्न पाँचवटा पालिका सम्पर्क मञ्चको सम्मेलनलाई सम्बोधन गर्दै उनले संगठन विस्तार तथा जनसरोकारका मुद्दामा केन्द्रित हुन आग्रह गरे ।
‘तपाईंहरूले आजदेखि नै के अठोट गर्नुस् भने हाम्रा पालामा म केही न केही नयाँ काम गर्छु,अर्को पटक नेतृत्व लिनेगरी काम गर्नुस्’, उपमहासचिव गुरूङले भने, ‘इमानदारितापूर्वक र गतिशील भएर काम गर्दा सफलता पाउन सकिन्छ, यतातर्फ ध्यान दिनुहोला ।’ अध्ययनशीलता र लगनशीलताले व्यक्तिलाई सफलतातर्फ उन्मुख गराउने भन्दै उनले अध्ययनका क्रममा प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न पनि आग्रह गरे ।
उपमहासचिव गुरूङले पार्टी नेतृत्व र सरकार विरूद्धको घेराबन्दी तोड्नेगरी योजना बनाइनुपर्नेमा जोड दिँदै नेता जत्तिकै कार्यकर्ता पनि सक्रिय हुनुपर्ने बताए । उनले मुख्य जिम्मेवारीमा रहेका नेता तथा कार्यकर्ताले राजनीतिक सक्रियता अझ अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए ।
आफ्नो पार्टीले केही समयअघि राजधानीमा आयोजना गरेको जनजागरण सभामा देखिएको सहभागितालाई लिएर सन्तुष्ट हुन नसकिने जनाउँदै उनले विभिन्न सांगठनिक जिम्मेवारीमा रहेकाले थप मेहनत गर्नुपर्ने बताए । रासस

## संविधान संशोधनः

# पूर्वप्रधानमन्त्री भट्टराई र पूर्वप्रधानन्यायधीश कार्कीबीच भिन्न तर्क

**काठमाडौं ।**
पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले मुलुकमा राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली आवश्यक रहेको बताएका छन् ।
रातो झिल्को पत्रिकाको १६ अङ्क ‘बहस संविधान संशोधनः अग्रगामी कि पश्चगामी ?’ विषयक कार्यक्रममा उनले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिसँगै प्रतिनिधिसभा र प्रदेशसभालाई पूर्णसमानुपाति गर्नुपर्ने धारणा राखे ।



नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्षसमेत रहेका भट्टराईले भने,‘राष्ट्रपति र मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित रहने, प्रतिनिधिसभा र प्रदेशसभा नीति निर्माण गर्ने तथा मन्त्रिमण्डल समावेशी र विषयविज्ञका आधारबाट सभाबाहिरबाट ल्याउने गरी संविधान सशोधन गरिनुपर्छ ।’
यस्तो प्रणालीले राजनीति स्थायित्व, विविधता र समावेशीका मुद्दा सम्बोधन गर्न सक्ने बताउँदै उनले संविधान संशोधन गर्ने विषयलाई पनि व्यापक बहस चलाउँदै खास–खास मुद्दामा जनमतसमेत गर्न सकिने तर्क गरे । उनले संविधान संशोधनको मुख्य विषय अन्तरवस्तु र प्रक्रिया भएकाले छलफल र बहसका आधारमा टुङ्ग्याउन सकिने धारणा राखे ।
पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले जनताको लामो सङ्घर्षबाट बनेको वर्तमान संविधान जारी भएको भरखर नौ वर्ष पुगेकाले राम्रो प्रयोग र उपयोग नभई संशोधनको औचित्यको पुष्ट्याई गर्न कठिन हुने बताइन् । उनले भनिन्, ‘भाषा मिलेको नभए पनि संविधानमा राख्न पर्ने विषयवस्तु पुगेको छ । संविधान आफैँमा पूर्ण कहिल्यै हुन्न । कुनै पनि राजनीतिज्ञलाई असल काम गर्न संविधानले रोक्दैन, असल नियत र नैतिकता भएन भने संविधान फेर्दैमा समस्या हट्दैन ।’
नेपाली कांग्रेसका नेता नारायणप्रकाश साउदले लोकतन्त्रलाई शक्ति सन्तुलनका आधारमा नभई जीवन पद्धति बनाउन आवश्यक रहेको बताए । उनले भने, ‘मुलुकमा लामो समयदेखि चलेको दुई सय ३८ वर्षेको राजनीति प्रणालीसम्बन्धी र १० वर्षे सशस्त्रयुद्धसम्बन्धी बहस वर्तमान संविधानमार्फत अवतरण गरिएको संविधानमा राजनीतिक पक्षमा प्रभाव देखिए पनि विधिका हिसाबले संविधान परिपूर्ण हुन नसकेकाले विभिन्न प्रश्न उठेका हुन् ।’
नेकपा (माओवादी केन्द्र)का नेत्री रेखा शर्माले तत्कालीन राजनीतिक सन्तुलनको दस्तावेजकारूपमा जारी भएपनि विगतका तुलनामा वर्तमान संविधान प्रगतिशील रहेको तर्क गरिन् । उनले भनिन्,‘संविधान संशोधनमा जानुपूर्व राजनीतिक अस्थिरतका कारण पत्ता लगाउनुर्छ । संशोधन अग्रगमनका लागि हुनुपर्छ । निर्वाचनमा राजनीतिक घोषणापत्र लिएर जाने र त्यसका आधारमा संशोधन गर्नु उपयुक्त हुन सक्छ ।’
नेकपा (एमाले)का नेत्री डा.विन्दा पाण्डेले संविधान गतिशील दस्तावेज भएकाले आवश्यकतामा आधारमा संशोधन गर्न सकिने भए पनि अहिले अघि बढ्ने सिलसिलामा कुन धाराले असज तुल्यायो भन्नेमा दलबीच स्पष्टता आवश्यक रहेको बताइन् । उनले भनिन्, ‘सरकार छिटो छिटो परिवर्तन भएकाले राजनीतिक स्थायित्व दिन सकिएन भनिएको छ, यो प्रणाली र नियमले ल्याएको समस्या हो कि नियत र प्रवृत्तिले ल्याएको हो ? अभ्यास, अध्ययन र आवश्यताका आधारमा टुङ्गोमा पुग्नपर्छ ।’
राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले संविधान संशोधन राजनीतिकलाई अल्झाइ रहने ऐजेण्डा नबनाउन सरकार र प्रमुख राजनीतिक दललाई सुझाव दिए । उनले भने,‘राजनीतिक मुद्दा र संवैधानिक प्रक्रियाका आधारमा संविधान संशोधन सर्वस्वीकार्य हुनुपर्छ । संविधान संशोधनमा रास्वपाले सरोकार राख्छ, सहयोग गर्छ र सहभागी हुन्छ ।
त्यसमा राजनीतिककरण भए पनि दलीय करण हाबी हुनुहुन्न ।’
संविधान संशोधनका विषयमा विभिन्न क्षेत्रका विषयविज्ञ तथा अनुभवीका विचार रहेको उक्त पत्रिकामा पूर्वप्रधानमन्त्री भट्टराई, एमाले नेता प्रदीप ज्ञवाली, संविधानसभा सदस्य राधेश्यक अधिकारी, जनमत पार्टीका अध्यक्ष सिके राउत, अधिकार कर्मी मीना पौडेल, जेबी विश्वकर्मा, ज्योति दनुवारका लेख समेटिएको छ । रासस

# संविधान कार्यान्वयनमा सरकार प्रतिबद्धः गृहमन्त्री

**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले मुलुकमा शान्ति सुरक्षा स्थापना, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम र संविधान कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बताएका छन् ।
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा शनिबार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार भेटमा उनले मुलुकमा दिगो विकास, शान्ति, सुशासन तथा समृद्धिका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरेका हुन् ।
‘स्थायी सरकार नहुँदा आर्थिक गतिविधि चलायमान हुन सकेको थिएन, सुशासन कायम भएन, विकास निर्माणका काम पनि द्रुत गतिमा अघि बढ्न नसकेपछि वर्तमान गठबन्धन सरकार गठन भएको हो’, उनले भने ।
फरक प्रसंगमा उनले प्रधानमन्त्री केपी शर्मा ओलीको हालै सम्पन्न चीन भ्रमण सफल भएको उल्लेख गर्दै छिमेकी मुलुकसँग सुमधुर र सौहार्दपूर्ण सम्बन्ध कायम रहेको पनि बताएका छन् । रासस

# अस्थिर राजनीतिको असर अर्थतन्त्रमा देखिएको छः सञ्चारमन्त्री

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अस्थिर राजनीतिको असर मुलुकको अर्थतन्त्रमा देखिएको बताएका छन् । नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को १५औँ वार्षिक साधारणसभामा उनले अस्थिर राजनीतिको प्रतिच्छायाले अर्थतन्त्र ओझेलमा परेको बताए ।
सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्रीले समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै राजस्व संकलन र खर्च प्रणालीमा समस्या देखिएकाले सोको समाधानका लागि सरकारको ध्यानकेन्द्रित रहेको बताए ।
‘राजस्व लक्ष्यअनुसार संकलन हुन सकेको छैन । भन्सारमा आधारित राजस्व प्रणाली रहेकाले मागमा कमी आउँदा संकलन घट्नुका साथै पुँजीगत खर्च पनि कमजोर भएको छ,’ उनले भने । खर्च प्रणालीलाई व्यवस्थित र सहज बनाउन सार्वजनिक खरिद ऐन संशोधनका लागि प्रयास भइरहेको सञ्चारमन्त्रीले बताए । दुग्ध र उखु किसानलाई सरकारले यथाशीघ्र भुक्तानी दिने उनले जानकारी दिए ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीकर्ताको मनोबल बढाउन सरकारस्तरमा भएका प्रयासको सराहना गर्दै निजी क्षेत्रले पनि सरकारसँग साझेदारी गर्ने बताए ।
उनले उद्योगी–व्यवसायी बैंकको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने स्थिति उत्पन्न हुन नदिन सरकारले बनाएका नीति प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष र सरोकार भएका निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिए ।
‘सरकारले नीति ल्याएर मात्र हुँदैन। सो प्रभावकारी कार्यान्वयन गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्दछ । अर्थ मन्त्रालय तथा सरोकार भएका निकायबिच समन्वय आवश्यक छ,’ उनले भने । निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी सरकारले रोक्न नहुनेमा उनले जोड दिए ।
नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारका नीतिहरूलाई स्थिरता प्रदान गरी लगानी र व्यवसायका समस्या समाधान गर्नुपर्नेमा जोड दिए । अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न निजी क्षेत्रले सरकारलाई आवश्यक सहयोग र समन्वय गर्ने उनको भनाइ छ । रासस

# रोजगारी र आत्मनिर्भरता शिक्षातर्फ अघि बढिनेछः प्रधानमन्त्री

**काभ्रेपलाञ्चोक ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षाका माध्यमबाट मुलुक आत्मनिर्भरतातर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरेका छन् ।
उनले शनिबार काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौँ विश्वविद्यालय (केयू)को ३०औँ दीक्षान्त समारोह (पहिलो चरण)लाई सम्बोधन गर्दै रोजगारी खोज्ने शिक्षा नभई रोजगारी सिर्जना गर्ने आत्मनिर्भरतामा आधारित शिक्षा दिने ढंगले सरकार अघि बढ्ने बताए ।
‘अब जब दिने शिक्षा दिने हैन, जब सिर्जना गर्ने खालको शिक्षा, आत्मनिर्भर ढंगले जब दिने शिक्षातर्फ अघि बढ्ने छौँ, यसका निम्ति केयूलगायतका विश्वविद्यालय नमूनाका रूपमा अघि बढिरहेका छन्’ केयूका कुलपतिसमेत रहेका ओलीले भने । उनले विद्यार्थीलाई पढाई सँगै रोजगारीमा जोड्दै आत्मनिर्भर बनाउन देशका नमूना विश्वविद्यालयसँग सहकार्य र समन्वय गर्दै जाने उल्लेख गरे ।
प्रधानमन्त्री ओलीले प्रमाणपत्रले मात्रै दक्ष पनि नहुने भएकाले कस्तो नागरिक हो भन्ने विषय चरित्र र नैतिकताले प्रस्ट्याउने बताए । उनले भने, ‘सर्टिफिकेट रोजगारीको एउटा आधार हो, दक्ष नागरिक हुन आचरण, व्यवहार, म्यानर र बोलीचालीले निर्धारण गर्छ ।’



प्रधानमन्त्री ओलीले सीप र उत्तरदायित्वबाट विद्यार्थीले देश र नागरिकको पहिचान कायम राख्नुपर्ने बताए । ‘विद्यार्थीको आचारण, नैतिकता र सोच सकारात्मक हुनुपर्छ’ उनले दीक्षित विद्यार्थीतर्फ इंगित गर्दै भने,‘विद्यार्थी मृदुभाषी, नम्र, मानवतावादी, शान्तिप्रिय र म्यानरतावादी हुनुपर्छ, सफलताका लागि अझ परिस्कृति म्यानर मिसाउनुपर्छ ।’ विश्वविद्यालय शिक्षाको मन्दिर र ज्ञानको आधार हो भन्दै उनले व्यवहारत असाधारण सीमामुक्त शिक्षालाई जीवनभर ग्रहण गरिरहनु पर्नेमा जोड दिए ।
प्रधानमन्त्री ओलीले धर्तीको २१ प्रतिशत हिमाल ‘कालापत्थर’ बन्न लागेकोमा दुःखेसो पोख्दै अन्य भूभागसमेत मरुभूमि बन्ने खतरा बढेकोमा चिन्ता व्यक्त गरे । ‘अरूका गल्तीले धर्तीका भूभाग मरुभूमि बन्दैछ, यसका लागि हामी वातावरणीय न्यायका लागि लडिरहेका छौँ, काला पत्थरमा परिणत हुँदै गएका हिमालको पुरानो स्वरूपमा ल्याउने विषयप्रति गम्भीर हुँदै जलवायु परिवर्तनका विषयमा पनि ध्यान दिन आवश्यक छ’ उनले भने ।
उनले पुर्खाले वरपीपल र तुलसी धेरैभन्दा धेरै रोपेर अक्सिजनका लागि ‘ब्यालन्स’ मिलाएको उल्लेख गर्दै पारिस्थितिक चक्रलाई नबिगार्न त्यसो गरिएकाले ‘क्लाइमेट मेन्टेन’ हुनुपर्दछ भन्ने विषयमा आफूले जोड दिँदै आएको बताए ।
कार्यक्रममा भारतको पटनास्थित इन्डियन इन्स्टिच्यूट अफ टेक्नोलोजीका निर्देशक प्रोफेसर त्रिलोकनाथ सिंहले नेपाल–भारतको इतिहास र भूगोलमा असाधारण सम्बन्ध रहेकाले व्यापार, शिक्षा र अनुसन्धानका क्षेत्रमा भएको पारस्परिक सम्बन्ध र नवप्रवर्तनका क्षेत्रमा दुई देशको साझेदारीले साझा प्रगति र दिगो विकासका मार्ग प्रशस्त गरेको बताए । उनले भने,‘दुई देशबीचका उदाहरणीय परियोजनाले पनि राष्ट्रबीचको विश्वास र साझेदारीको गहिरो भावनालाई पनि उत्प्रेरित गर्न सक्छ भन्न सकिन्छ ।’
समारोहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं केयूको सहकुलपति विद्या भट्टराईको उपस्थिति रहेको थियो । आज विश्वविद्यालयका विभिन्न संकायका एक हजार दुई सय ६५ जना विद्यार्थी दीक्षित भएका छन् । रासस

# म्याराथन दौड प्रतियोगिताको उपाधि रावतलाई



**गोरखा ।**
गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरदेखि गोरखकाली मन्दिरसम्मको म्याराथन दौड प्रतियोगिताको उपाधि नेपाली सेनाका करन रावतले जितेका छन् । शनिबार सम्पन्न प्रतियोगितामा निर्धारित ४२ किलोमिटर एक सय ९५ मिटर दूरी उनले दुई घण्टा ३६ मिनेट ७ सेकेण्डमा पूरा गर्दै पहिलो हुन सफल भएका हुन् ।

उपाधि विजेता रावतले एक लाख ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरे । यस्तै प्रतियोगितामा नेपाली सेनाकै हेमलाल श्रेष्ठले निर्धारित दूरी दुई घण्टा ४० मिनेट ४४ सेकेण्डमा पूरा गरेर दोस्रो भए ।

उनले एक लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजक जिल्ला खेलकुद विकास समिति गोरखाका अध्यक्ष शान्तासिंह बस्नेतले जानकारी दिइन् ।

प्रतियोगितामा नेपाली सेनाका गजेन्द्र राई तेस्रो भए । उनले निर्धारित दूरी दुई घण्टा ४४ मिनेट ६ सेकेण्डमा पूरा गर्दै ७५ हजारसहित मेडल र प्रमाणपत्र हात पार्न सफल भए ।

खेलकुदको माध्यमबाट गोरखाको पर्यटन प्रवर्द्धनमा टेवा पु¥याउने उद्देश्यसहित जिल्ला खेलकुद विकास समितिले दुईवटा धार्मिक स्थललाई जोडेर म्याराथन दौड प्रतियोगिता आयोजना गरिएको हो । रासस

# अपाङ्गता भएका व्यक्तिहरूको बास्केटबल प्रतियोगिता

**तनहुँ ।**
तनहुँको व्यास नगरपालिका–३ स्थित बास्केटबल कोर्टमा अपाङ्गता भएका व्यक्तिहरूले शनिबार ह्विलचियरमा बसेर बास्केटबल खेलेका छन् । सहृदयी मञ्च नेपाल तनहुँको आयोजना र व्यास नगरपालिकाको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूबीच ह्विलचियर बास्केटबल प्रतियोगिता आयोजना गरिएको हो ।

मैत्रीपूर्ण बास्केटबल प्रतियोगितामा व्यास र पराशर समूहको सहभागितामा रहेकामा व्यास समूह विजयी भएको छ । प्रतियोगितामा व्यास समूहले १२ र पराशर समूहले आठ अङ्क प्राप्त गरेको छ । अपाङ्गता भएका व्यक्तिहरू खेल खेल्न सक्दैनन् भन्ने आम सोचाइ चिर्नका लागि मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता आयोजना गरिएको मञ्चका अध्यक्ष सावित्री सुवेदीले जानकारी दिए । उनले भने,'समाजमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूले खेल खेल्न सक्दैनन् भन्ने सोचाइ विद्यमान छ । त्यो सोचलाई हटाउनका लागि पहिलोपटक बास्केटबल प्रतियोगिता आयोजना गरेका हौँ ।' प्रतियोगिता उद्घाटन कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राखेको बताए । अपाङ्गता भएका व्यक्तिहरू खेल्न सक्दैनन् भन्ने आम सोचाइ चिर्नका लागि यस्ता कार्यक्रमले सहयोग पुग्ने न्यौपानेको भनाइ थियो । सहायक प्रमुख जिल्ला अधिकारी जितबहादुर भण्डारीले शारीरिक अपाङ्गता भएका व्यक्तिहरू पनि खेलकुदमा सक्षम रहेको यस्ता कार्यक्रमले पुष्टि हुने बताए । व्यास नगरपालिका–६ का वडाध्यक्ष एवं व्यास नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरूङले हरेक व्यक्तिले समान अधिकार पाउने संविधानप्रदत्त अधिकार रहेकाले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा जोड्ने प्रयास गरिएको बताए । अपाङ्गत अधिकारकर्मी मदन पौडेलले अपाङ्गता भएका व्यक्तिले खेल्न सक्दैनन् भन्ने मानसिकता चिर्ने प्रयास गरिएको बताए । अपाङ्गता भएका व्यक्तिले पनि खेलकुदका गतिविधिमा संलग्न हुन पाउनुपर्छ भनेर स्थानीय तहलाई आग्रह गरिएको उनको भनाइ छ । रासस

# एनपिएलः जकपुरविरुद्धको जितले चितवनको प्लेअफ पुग्ने सम्भावना बलियो




**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शनिबार भएको दोस्रो खेलमा चितवन राइनोजले जनकपुर बोल्ट्सलाई ३२ रनले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावना बलियो बनाएको छ ।

सात खेल खेलेको जनकपुर बोल्ट्स तालिकामा १० अङ्कसहित शीर्ष स्थानमा छ । जनकपुर यसअघि नै प्लेअफमा पुगिसकेको छ । जितपछि चितवनले सात खेलमा आठ अङ्क बटुलेको छ । चितवनसँगै पाँच खेल खेलेको सुदूरपश्चिम रोयल्स र छवटा खेल खेलेको कर्णाली याक्ससँग पनि समान आठ अङ्क छ ।

आइतबार हुने काठमाडौँ गुर्खाज र बिराटनगर किङ्ग्सबीचको खेलपछि शीर्ष चार टोलीको टुङ्गो लाग्नेछ । उक्त खेलमा काठमाडौँ गुर्खाज विजयी भए उसको पनि आठ अङ्क हुनेछ । यस आधारमा शीर्ष चारमा पर्ने टोलीको टुङ्गो रनरेटका आधारमा हुनेछ ।

जारी प्रतियोगिताबाट लुम्बिनी लायन्स यसअघि नै बाहिरिएको छ भने शनिबारको खेलपछि बिराटनगर किङ्ग्स र पोखरा एभेञ्जर्स पनि प्रतियोगिताबाट बाहिरिएका छन् । शनिबारको खेलमा एक सय ८१ रनको लक्ष्य पछ्याएको जनकपुर १८ ओभरमा सबै विकेट गुमाउँदै एक सय ४८ रनमा समेटियो । उसका लागि जिमी निशमले २७० दशमलव ८३ को स्ट्राइक रेटमा ६५ रन बनाए पनि जितका लागि पर्याप्त भएन । उनले २४ बल खेल्ने क्रममा पाँच चौका र छ छक्का प्रहार गरे । साथै आसिफ शेखले २३, शुभ कङ्साकारले १५ र मोहम्मद मोहसिनले १३ रन बनाए । त्यसबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् ।

चितवनको जितमा रिजन ढकाल, सोहिल तनवीर र कुशल मल्लले समान दुई÷दुई विकेट लिए भने अमर रौतेलाले एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ८० रनको योगफल बनाएको थियो ।

उसका लागि कप्तान कुशल मल्लले अर्धशतकीय पारी खेले । उनले ४१ बल सामना गर्ने क्रममा तीन चौका र सात छक्का प्रहार गर्दै ७२ रनको योगदान दिए । रबि बोपाराले ३२ बल खेल्दै पाँच चौका र एक छक्काको मद्दतमा ४४ रन बनाए । साथै हसन इसाखिलले २८, सन्तोष कार्कीले १४ रनको योगदान दिए ।

जनकपुरका लागि ललित राजवंशीले दुई विकेट लिए भने हर्ष थाकर, मोहम्मद मोहसिन र जेम्स निसमले एक÷एक विकेट लिए । रासस

# संवैधानिक सङ्कटबीच जर्जियामा राष्ट्रपति नियुक्त

**तिब्लिसी ।**
जर्जियाको सत्तारुढ दलले शनिबार विवादास्पद निर्वाचन प्रक्रियामा इयुप्रति वफादार अति दक्षिणपन्थी व्यक्तिलाई शनिबार राष्ट्रपतिमा नियुक्त गरेको छ । जर्जियाको सत्तारुढ ड्रिम पार्टीले गत अक्टोबरमा सम्पन्न संसदीय निर्वाचनमा विजय हासिल गरेपनि जर्जियामा पछिल्लो समय राजनीतिक सङ्कट देखिएको छ ।

गत महिना युरोपियन युनियन (इयु) को सदस्यता वार्ता स्थगित गर्ने उसको निर्णयपछि इयुको पक्षमा व्यापक प्रदर्शनहरू भएका छन् । सत्तारुढ जर्जियाली ड्रिम पार्टीको नियन्त्रणमा रहेको र विपक्षीले बहिष्कार गरेको 'इलेक्टोरल कलेज'ले मिखाइल काभेलाश्विलीलाई २२४ मतका साथ पाँच वर्षे कार्यकालका लागि देशको आगामी नेतामा निर्वाचित गरेको केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष जियोर्जी कलान्ड्रिश्विलीले जानकारी दिए । विपक्षीले शनिबारको निर्वाचनलाई 'नाजायज' भन्दै निन्दा गर्दै वर्तमान राष्ट्रपति सालोम जुराबिश्विली देशको एक मात्र वैध नेता रहेको बताएका छन् ।

जर्जियाली ड्रीमसँग विवादमा रहेका पश्चिमसमर्थक जुराबिश्भिलीले पद छोड्न अस्वीकार गरेका छन् र नयाँ संसदीय निर्वाचनको माग गरिरहेका छन् ।

शनिबार बिहान प्रदर्शनकारीहरू संसद भवन बाहिर भेला हुन थालेपछि उक्त स्थानलाई प्रहरीले घेराहालेको थियो ।

जुराबिश्विलीले कावेलाश्विलीमा प्रदर्शनकारीहरू हिउँमा फुटबल खेलिरहेको भिडियो फुटेज सार्वजनिक गर्दै सामाजिक सञ्जालमा लेखेका छन्, 'जर्जियाले कहिल्यै पनि आफ्नो हास्यभाव गुमाउँदैन, एक फुटबलरलाई राष्ट्रपतिको रूपमा निर्वाचित भएकोमा उत्सव मनाउँछ ।' प्रदर्शनकारीमध्ये एक ४० वर्षीया नाटिया अप्खाजाभाले आफू 'आफ्नो देशको युरोपेली भविष्यको रक्षाका लागि' प्रदर्शनमा आएको बताए । उनले भने, 'हाम्रो संसदीय चुनावमा धाँधली भयो । हामीलाई नयाँ निर्वाचन चाहिएको छ ।' उनले भने, 'हामी १६ दिनदेखि यहाँ प्रदर्शन गरिरहेका छौं । र हामी हाम्रो युरोपेली भविष्यका लागि सङ्घर्ष जारी राख्नेछौं ।' तिब्लिसीका करिब एक दर्जन स्थानमा विरोध प्रदर्शन हुने बताइएको छ । प्रदर्शनका क्रममा इयु समर्थक हजारौँ प्रदर्शनकारीले शुक्रबार राजधानीका सडकमा प्रदर्शन गरेका थिए भने त्यसपछि लगातार १६ औँ दिन पनि संसद बाहिर भेला भएका थिए ।

जर्जियाली पूर्व कूटनीतिज्ञ जुराबिश्विलीले प्रदर्शनपछिको राष्ट्रपतिको नियुक्ति जर्जियाको युरोपेली आकाङ्क्षाहरूको चम्किलो दीपका रूपमा हर्नुहुन्छ । उहाँ प्रदर्शनकारीबीच एक अत्यधिक लोकप्रिय व्यक्ति मानिनुहुन्छ । रासस

# दोस्रो 'इलाम गोल्डकप'को उपाधि पनि एनआरटीकै पोल्टामा




**इलाम ।**
रेडहर्स फुटबल क्लब इलामको आयोजनामा इलाममा सम्पन्न दोस्रो 'एनआरएनए इलाम गोल्डकप'को उपाधि डिफेन्डिङ च्याम्पियन एनआरटीले चुमेको छ । 'प्रथम इलाम गोल्डकप'को विजेता टोली एनआरटीले दोस्रो संस्करणको उपाधिपनि हात पारेको हो ।

शनिबार भएको फाइनलमा एनआरटीले ३–० गोलअन्तरले लिग विजेता चर्च ब्याइजलाई पराजित गरेको हो । एनआरटीले सेमिफाइनल खेलमा रेडस्टार झापालाई पराजित गरेको थियो भने चर्च ब्याइजले आयोजक रेडहर्सलाई हराएको थियो । उपाधिसँगै एनआरटीले रु १० लाख पुस्कार हात पारेको छ । उपविजेता चर्च ब्याइजले रु पाँच लाख प्राप्त गरेको छ । सर्वाधिक गोलकर्ता, उत्कृष्ट खेलाडी, उत्कृष्ट किपर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्डर, उदीयमान खेलाडी र उत्कृष्ट कोचलाई नगद ११ हजार रुपैयाँले पुरस्कृत गरिएको तथा 'म्यान अफ दी म्याच'लाई सात हजार पाँच सय रुपैयाँले पुरस्कृत गरिएको सचिव प्रकाश घिमिरेले जानकारी दिए ।

आयोजक संस्थाका सदस्य निरोज खड्गीका अनुसार प्रतियोगिताका लागि इलाम नगरपालिकाले १० लाख रुपैयाँ प्रदान गरेको थियो भने तारा रोजु सापकोटा च्यारिटेबल ट्रष्टले दोस्रो पुरस्कारका लागि पाँच लाख रुपैयाँ उपलब्ध गराएको थियो ।

प्रतियोगिता सम्पन्न गर्दासम्म अनुमानित ९० लाख रुपैयाँ खर्च भएको आयोजकले जनाएको छ । 'गत वर्षभन्दा पुरस्कार नै दोब्बर बनाइनु, महँगी बढ्नु तथा खेलमैदान स्तरीकरण गर्न ठूलो खर्च हुनुले यस वर्षको कुल खर्च अत्यधिक वृद्धि भएको हो',सचिव घिमिरेले भने ।

यही मङ्सिर २२ गतेदेखि सुरु भएको एनआरएनए इलाम गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो संस्करणमा बिजेता डिफेण्डिङ च्याम्पियन न्युरोड टोली (एनआरटी) र उपविजेता चर्च ब्वाइज युनाइटेडसहित सङ्कटा, त्रिभुवन आर्मी, जिटिए दार्जिलिङ, रेडस्टार झापा, मच्छिन्द्र र आयोजक रेडहर्सले प्रतिस्पर्धा गरेका थिए ।

गत वर्ष भएको पहिलो संस्करणको उपाधि न्युरोड टोली एनआरटीले नै जितेको थियो । विजेताले नगद पाँच लाख रुपैयाँ र उपविजेता विर्तामोड युनाइटेडले तीन लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको थियो । रासस

# ब्राजिलका पूर्व रक्षामन्त्री पक्राउ

**ब्रासिलिया ।**
ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका निकट सहयोगी तथा पूर्व रक्षामन्त्री ब्रागा नेट्टोलाई सन् २०२२ मा भएको कथित 'कू' प्रयासको अनुसन्धानमा बाधा पु¥याएको आरोपमा ब्राजिलका अधिकारीहरूले शनिबार पक्राउ गरेको प्रहरी स्रोतले एएफपीलाई जानकारी दिएको छ ।

ब्राजिलको सङ्घीय प्रहरीले अनुसन्धानमा बाधा पु¥याउने व्यक्तिहरूलाई नियन्त्रणमा लिएको जनाएको छ । 'ब्रागा नेट्टोलाई पक्राउ गरिएको हो,' स्रोतले जानकारी गराएको छ ।

गत नोभेम्बरको अन्त्यतिर प्रहरीले पूर्व दक्षिणपन्थी राष्ट्रपति बोल्सोनारो र दर्जनौँ सहयोगीलाई वामपन्थी लुइज इनासियो लुला डा.सिल्भाको सपथ ग्रहण रोक्न 'कू' को प्रयास गरेको आरोपमा अभियोग लगाउन सिफारिस गरेको थियो । यो सूचीमा नेट्टो पनि सामेल हुनुहुन्थ्यो र सन् २०२२ को चुनावमा उनको प्रतिस्पर्धी पनि थिए ।

महान्यायाधिवक्ता पाउलो गोनेटले बोल्सोनारो र अन्य ३६ जनाविरुद्ध सह–षडयन्त्रकारीका रूपमा नामित आरोपलाई प्रमाणले समर्थन गर्छ कि गर्दैन भनेर अनुसन्धान गरिरहेका छन् । करिब दुई वर्ष लामो प्रहरी अनुसन्धानपछि गोनेटले तयार पारेको ८८४ पृष्ठ लामो प्रतिवेदनमा बोल्सोनारो र अन्यलाई 'कू' को योजना बनाएको र 'लोकतान्त्रिक राज्यलाई हिंसात्मक ढङ्गले अपदस्थ गर्न' खोजेको अभियोगमा अभियोग लगाउन आग्रह गरिएको छ ।

सन् २०२२ मा लुलाले जितेको चुनावमा धाँधली भएको दाबी गर्न र सर्वोच्च अदालतलाई किनारा लगाउन आदेशको प्रयोग गर्न बोल्सोनारो र उहाँका सैन्य अधिकारीहरूसहित उहाँका केही अधिकारीहरूको मिलेमतो रहेको बताइएको छ । प्रतिवेदनमा भनिएको छ, 'ब्राजिलका तत्कालीन राष्ट्रपति बोल्सोनारोले चुनावी पराजयपछि पनि सत्तामा रहिरहनका लागि दस्तावेज र रणनीतिको मस्यौदामा प्रत्यक्ष संलग्न रहेर 'कू' योजना निर्माणमा सक्रियतापूर्वक भाग लिनुभएको थियो ।' बोल्सोनारोलाई उनका उपराष्ट्रपति तथा सर्वोच्च अदालतका न्यायाधीश लुलाको हत्या गर्ने कुलीन सैनिकको कथित योजनाबारे पनि 'पूर्ण जानकारी' रहेको रिपोर्टमा उल्लेख छ । 'ग्रीन एण्ड एलो डगर' भनिने यो योजनाको बारेमा नेट्टोको घरमा छलफल भएको थियो ।

अनुसन्धानकर्ताहरूका अनुसार ब्राजिलको राष्ट्रपतिको कार्यालय प्लानाल्टो दरबारमा यो छापिएको थियो । बोल्सोनारोको लिबरल पार्टीको मुख्यालयमा नेट्टोका एक सल्लाहकारको सामानमा 'कू' योजनाको मस्यौदा फेला परेको थियो । रासस

# अफ्रिकाका १५ करोड मानिस 'चरम गरिबी'मा

**नैरोबी ।**
अत्यधिक चिकित्सा खर्चले अफ्रिकाका १५ करोडभन्दा बढी मानिसलाई गरिबीमा धकेल्दै गुणस्तरीय र उत्पादनशील जीवनबाट वञ्चित गरेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जनाएको छ ।

विश्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा सार्वजनिक गरेको 'ट्र्याकिङ फाइनान्सियल प्रोटेक्सन' प्रतिवेदनमा डब्ल्युएचओले उक्त तथ्यांक उल्लेख गरेको छ । अफ्रिकाका लागि डब्ल्युएचओ क्षेत्रीय निर्देशक मात्सिडिसो मोएतीले भनिन्, 'आवश्यक औषधि र अन्य स्वास्थ्य खर्च महाद्वीपका कमजोर नागरिकहरूको लागि आर्थिक कठिनाइ र खराब स्वास्थ्य अवस्था निम्त्याउन सक्छ । यस्ता भुक्तानीहरूले धेरै मानिसहरूलाई खाना, आवास र उपयोगिताहरूजस्ता अन्य आधारभूत आवश्यकताहरूमा कम खर्च गर्न बाध्य पार्छ, जसले उनीहरूको अवस्था बिग्रन सक्छ ।'रासस

# नमुना विद्यालयमा लगानी, बालुवामा पानी




सरकारले विद्यालय तहमा शैक्षिक उपलब्धिको स्तरवृद्धि गर्ने लक्ष्यसहित सात वर्षअघि नमुना विद्यालय स्थापना गर्ने कार्यक्रम तय गर्‍यो। जसअनुसार हालसम्म चार सय २२ विद्यालय नमुना बनाइएका छन् । त्यसका लागि राज्यले २५ अर्ब ३२ करोड रकम खर्च गरिसकेको छ । तर उद्देश्य र खर्चअनुसारको शैक्षिक उपलब्धि भने अझै हासिल हुन सकेको छैन । यति मात्र होइन, देशमा सञ्चालन भएका विद्यालयमध्ये राम्रालाई नमुना छानेर त्यस्ता विद्यालयमा रकम खन्याएर दलका कार्यकर्ताको खल्ती भर्ने काम मात्र भएको शिक्षाविद्हरूको विश्लेषण छ ।

राज्यले विद्यालय शिक्षामा बालबालिकाको कक्षाकोठाको सिकाइ उपलब्धिको स्तर अभिवृद्धि गर्ने मुख्य लक्ष्यसहित नमुना विद्यालय कार्यक्रम तय गरे पनि नेताको पहुँचका रहेका विद्यालयलाई धमाधम नमुना घोषणा गर्ने र त्यसमार्फत रकम दलका कार्यकर्ताको खल्ती भर्ने भइरहेको बताइन्छ । नमुनाको नाममा वार्षिक करोडौं रकम खर्च गरेका विद्यालयहरूको कार्यक्रमको प्रभावकारिताबारे कुनै अध्ययन–अनुसन्धान हुन नसकेका कारण नमुना विद्यालय कार्यक्रम खासै उपलब्धिमूलक हुन नसकेको विज्ञहरूको विश्लेषण छ । नमुना भन्दै वार्षिक करोडौं रकम खर्च गरिएका विद्यालयहरूको कार्यक्रमको प्रभावकारिताबारे कुनै अध्ययन–अनुसन्धान हुन नसकेका कारण कार्यक्रम खासै उपलब्धिमूलक हुन नसकेको नमुना घोषणा भएका विद्यालयका प्रधानाध्यापकहरूकै विश्लेषण छ । विश्वबैंकको दबाबमा हचुवाका भरमा ल्याएको नमुना विद्यालय कार्यक्रम चलेका विद्यालयहरूको अवस्था पनि नाजुक बन्न थालेको चन्द्रगिरि नगरपालिकामा रहेको कंकाली माविका प्रधानाध्यापक विष्णुप्रसाद पनेरूको अनुभव छ ।

उनको विद्यालयलाई २०७४ सालमा सरकारले नमुना विद्यालय छनोट गर्‍यो । प्रअ पनेरूले ५१ करोडको पाँच वर्षे गुरुयोजना पेस गरेर सोहीअनुसार भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्ष मिलाए । जसअनुसार व्यवस्थापन खर्च वार्षिक ३० लाख रुपैयाँ थपियो । विद्यार्थी पनि तीन सयबाट बढेर नौ सय पुग्यो । तर काठमाडौंको १५ सय ८५ मिटरको उचाइमा रहेको यस विद्यालयमा निःशुल्क विज्ञान शिक्षा दिन थाल्दा पनि विद्यार्थी आएनन् । भौगोलिक विकटताका कारण विद्यार्थी नआएपछि सरकारले विज्ञान शिक्षा पनि नचलेको बहानामा बजेट रोकिदियो । यसले गर्दा हाल यो नमुना विद्यालय अलपत्र परेको छ ।

'राज्यको शिक्षामा दातृ निकायको दबाबमा नीति बनाउने र बदल्ने कारणले नमुना विद्यालय हाल अलपत्र पर्‍यो । हाम्रो शैक्षिक गुणस्तर कायम भएको विद्यालयका मानव संसाधन व्यवस्थापनको रकम राज्यले नदिँदा नमुना विद्यालय अलपत्र परेको छ,' ४१ वर्षदेखि सोही विद्यालयका प्रअ रहेका पनेरूले राज्यको गलत शिक्षा नीतिबारे गुनासो गर्दै उनले भने, 'काठमाडौंको दुर्गम भनिने स्थानमा रहेको विद्यालयलाई हामीले कति मिहिनेत र परिश्रमले स्तरीय बनायौं । तर राज्यले नमुनाको लोभ देखायो । हामीले पनि त्यहीअनुसारको भौतिक पूर्वाधार, पुस्तकालय, विषयगत प्रयोगशाला, शैक्षिक गुणस्तर वृद्धि गर्न विषयगत शिक्षक व्यवस्थापन गर्‍यौं । यति मात्र होइन, नमुना विद्यालय परियोजनाअनुसार सुरक्षा गार्ड, बगैंचा हेरचाह गर्ने कर्मचारी, लाइब्रेरियन, लेखाअधिकृतलगायत सबैमा लगानी गरेका छौं । कक्षा ११ र १२ मा कम्प्युटर र होटेल व्यवस्थापनका कक्षा चलाएका छौं ।'

तर राज्यले हालसम्म ६ करोडजति दिएको र वार्षिक ३० लाख व्यवस्थापन खर्च रोकिदिएका कारण नमुना विद्यालय असफल भएको उनले बताए । 'आफ्नो आर्थिक हैसियतभन्दा माथिको कार्यक्रम बिनातयारी ल्याउने राज्यको गलत नीतिका कारण अर्बौं रकम बालुवामा पानी हालेजस्तो भयो,' प्रअ पनेरूले भने । उनका अनुसार सुरुमा गुरुयोजना बनाउँदा बजेट तोकिएको थिएन । तर पछि चार वर्षमा कसैलाई ६ करोड र कसैलाई ८ देखि १० करोड पनि राज्यले उपलब्ध गराएको थियो । 'नमुना विद्यालयहरूले पाँच वर्षे गुरु योजना बनाउँदा २० करोडदेखि एक अर्बसम्मको योजना विद्यालयहरूले पेस गरेका छन्,' उनले सुनाए, 'विद्यालय शिक्षा निःशुल्क कायम भएको छ । राज्यको अनुदानमै चल्ने विद्यालयहरू राज्यले अनुदान रोकेपछि चल्न सक्दैनन् । यही अवस्था अहिले नमुना विद्यालयको छ । दुर्दशा नै छ । पहुँच हुनेले रकम लगे, नहुनेहरू अलपत्र परे । हाम्रो शिक्षा नीति कस्तो हो भनेर बुझ्न सकिएन ।'




आफ्नो देशको आर्थिक हैसियतभन्दा पनि विश्वबैंकको इसारामा तय गरिएको नमुना विद्यालय कार्यक्रमअनुसार आर्थिक वर्ष २०७४÷७५ मा दुई सय पाँच निर्वाचन क्षेत्रमा एक÷एक वटा नमुना विद्यालय स्थापनाको घोषणा भयो। जस अनुसार उक्त आर्थिक वर्षमा २ सय ३ वटा मात्र नमुना विद्यालयका लागि छनोट गरिए। नमुना भनिएका यी विद्यालय पनि नयाँ बनाइएका होइनन् । राज्यले नमुनाका लागि तोकेको मापदण्डभित्र पर्ने पुराने विद्यालयमध्येबाटै छनोट गरिएको हो । छनोटमा परेका विद्यालयलाई वार्षिक डेढ करोडका दरले अनुदान दिइयो । मापदण्डमा कम्तीमा पाँच सय विद्यार्थी भएको, कक्षा १२ सम्म सञ्चालनमा आएको, पायक पर्ने स्थानमा रहेको, पर्याप्त भौतिक पूर्वाधार भएको र विद्यालयको नाममा आफ्नै जग्गा भएको हुनुपर्ने उल्लेख थियो । सोहीअनुसार नमुना विद्यालय छनोट गरिएका थिए ।

नमुना विद्यालयको लक्ष्य भने विद्यालयलाई आइसिटी प्रविधिमा आधारित आधुनिक मोडलबाट पठनपाठन गराई बालबालिकाको कक्षाकोठामा सिकाइस्तर वृद्धि गर्ने, शिक्षकको कार्यक्षमता अभिवृद्धि गर्ने, तालिमको व्यवस्था गरी सम्पूर्ण रूपमा विद्यालय शिक्षाको शैक्षिक गुणस्तर वृद्धि गर्नेलगायत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक नीलकण्ठ ढकालले बताए ।

उनका अनुसार नमुना विद्यालयका लागि चार वर्षभित्र बढीमा प्रत्येक विद्यालयलाई ६ करोड रकम अनुदान उपलब्ध गराउने भनी सरकारले कार्यक्रम तय गरेअनुसार प्रत्येक वर्ष डेढ करोड रकम अनुदान दिइएको थियो । उनले चार वर्ष पूरा गरी तीन सय २२ नमुना विद्यालयले ६ करोडका दरले रकम लिइसकेको बताए । आर्थिक वर्ष २०७४÷७५ मा निर्वाचन क्षेत्रका सांसदहरूले नमुना विद्यालय घोषणा गर्ने र रकम दलका कार्यकर्ताको खल्तीमा हाल्ने होडबाजी नै चलेको र यसले शिक्षा क्षेत्रको गुणस्त झनै कमजोर बनाउँदै गएको शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाको तर्क छ । त्यही भएर त सोही वर्ष थप १९ नमुना विद्यालय छनोटमा परेर सुरुकै वर्ष एकै पटक २ सय २२ नमुना विद्यालय बने । त्यसपछि नमुना छनोट हुने ह्वात्तै बढेर आव २०७५÷७६ सम्म आइपुग्दा चार सय २२ पुगेको निर्देशक ढकालले तथ्यांक उपलब्ध गराए । राज्यले धमाधम राम्रो विद्यालयलाई थप रकम दिएर नमुना बनाउने कि कमजोर विद्यालयलाई रकम थपेर नमुना बनाउने भन्ने विषयमा जनस्तरबाटै आवाज पनि नउठेको होइन । तर निर्वाचन क्षेत्रका सांसदहरूले नमुना विद्यालय घोषणा गराउने जारी नै राखे । शिक्षाविद् कोइरालाको भनाइमा नमुना विद्यालय घोषणा नेताहरूको नसा नै बन्यो । त्यही भएर राम्रोलाई नमुना बनाउँदै रकम खल्तीमा हाल्ने गलत प्रवृत्ति बन्यो ।

'सुरुका वर्ष त विश्वबैंकको इसारामा ल्याइएका नमुना विद्यालय कार्यक्रमका लागि प्रतिविद्यालय १६ करोड पो अनुदान राखेका रहेछन् । एकातिर २०७२ सालमा जारी भएको संविधानले विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिसकेको अवस्थामा केन्द्र सरकारले संविधानको बर्खिलापमा गएर कार्यक्रम ल्याएकोमा विरोध भइरहेको थियो,' शिक्षाविद् कोइरालाले शिक्षा क्षेत्रमा बजेटको दुरुपयोगबारे स्पष्ट पारे, 'अर्कातिर प्रदेश सरकारले पनि आठ करोड फेरि नमुना विद्यालयकै लागि दिने कार्यक्रम ल्यायो भने स्थानीय सरकारले थप सात करोड दिने भन्यो । यसमा ठूलै प्रतिस्पर्धा चल्यो कसले कति रकम तान्न सक्ने भनेर । यो त झनै रकम दुरूपयोग हुने विकराल रूप बन्यो ।'

उनले सोही बखत गण्डकी प्रदेशका सामाजिक विकासमन्त्रीलाई भेटेर त्यसबारे अवगत गराएको बताए । पछि कार्यक्रम प्रभावहीन भएपछि १६ करोडबाट घटाएर आठ करोड, चार करोड हुँदै हाल प्रतिवर्ष डेढ करोडमा सीमित बन्यो । अहिले फेरि ठुला स्कुल कार्यक्रम ल्याएका छन् । देशले धान्न नसक्ने र अव्यावहारिक कार्यक्रम किन चाहियो? दातृ निकायलाई खुसी पार्ने होइन कि बालबालिकाको सिकाइस्तर वृद्धि हुने कार्यक्रम चाहियो ।' नमुना विद्यालय तय गरिए पनि विद्यार्थीको सिकाइस्तर ५० प्रतिशतभन्दा पनि माथि उठ्न नसकेको उनले अवगत गराए ।

निर्देशक ढकालका अनुसार २०७६÷७७ सम्म चार सय २२ नमुना विद्यालय तय गरिएको भए पनि त्यसपछि नमुना विद्यालय कार्यक्रम सञ्चालन गरिएको छैन । 'नमुना विद्यालय कार्यक्रमले राम्रोलाई थप राम्रो बनाउने काम मात्र भयो । यो खासै प्रभावकारी देखिएन। यसकारण हाल ३६ हजार विद्यालयलाई नै नमुना बनाउने कार्यक्रम राज्यले अघि सारेको छ,' निर्देशक ढकालले भने, 'नमुना छनोट गरिएकाहरूको पनि शैक्षिक गुणस्तर व्यवस्थापनको चुनौती देखिए । सबै बालबालिकाको पहुँचमा समेत चुनौती देखियो । वरिपरिका विद्यालय मर्ज गरेर भौतिक पूर्वाधार मात्र बन्यो तर सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर कायम गर्न चुनौती छ ।' उनले थपे, 'नमुना भनिएका विद्यालयको नतिजासमेत सन्तोषजनक छैन ।'

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


## एनपिएलः

# जनकपुरलाई हराउँदै चितवनको चौथो जित

# विराटनगर र पोखराको प्लेअफ सम्भावना समाप्त

**मधेशदृष्टि**
**वीरगंज ।**

जनकपुर बोल्ट्सविरुद्ध ३२ रनको जित निकाल्दै चितवन राइनोजले नेपाल प्रिमियर लिग (एनपिएल) को प्ले अफ सम्भावनालाई बलियो बनाएको छ । जितसँगै चितवनले सात खेलमा आठ अंक जोडेको छ । पारजित जनकपुरको समान खेलबाट १० अंक छ । जनकपुरले प्लेअफमा स्थान सुरक्षित गरिसकेको छ । चितवनको यो जितसँग विराटनगर किंग्स र पोखरा एभेन्जर्सको प्लेअफ सम्भावना भने समाप्त भएको छ । शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा चितवनले प्रस्तुत गरेको १८१ रनको लक्ष्य पछ्याएको जनकपुर १८ ओभरमा १४८ रनमा समेटियो । जनकपुरका लागि जिमी निसमले ६५, आसिफ शेखले २३, शुभ कंशाकारले १५ र मोहम्मद मोहसिनले १३ रन बनाए । चितवनका लागि सोहेल तन्विर, रिजन ढकाल र कप्तान कुशल मल्लले समान दुई तथा अमरसिंह रौटेलाले एक विकेट लिए । रिजन ढकालले पहिलो ओभरको अन्तिम बलमा कप्तान अनिलकुमार साहलाई व्यक्तिगत आठ रनमा सोहेल तन्विरबाट क्याच गराए । दोस्रो ओभरको अन्तिम बलमा सोहेलले लाहिरु मिलन्थालाई एलबिडब्ल्युको धरापमा पारे । उनले एक रन मात्र बनाउन सके । पाँचौं ओभरको पाँचौं बलमा ६ रन बनाएर खेलिरहेका हर्ष थाकर रन आउट भए । कुशल मल्लले नवौं ओभरको दोस्रो बलमा शुभ कंशाकारलाई बोल्ड गरे । उनले १२ बलमा दुई चौका र एक छक्काको मद्दतले १५ रन बनाए । आसिफ शेख १०औं ओभरको चौथो बलमा पेभेलियन फर्किए । २६ बलमा चार चौकोको मद्दतले २३ रन बनाएका उनलाई अमरसिंह रौटेलाले रिजनबाट क्याच गराए । मोहम्मद मोहसिन १४औं ओभरको अन्तिम बलमा रन आउट भए । उनी १२ बलमा दुई चौकाको मद्दतले १३ रन बनाएर पेभेलियन फर्किए । अरनिको यादव १५औं ओभरको तेस्रो बलमा रनआउट भए । उनले रन खाता पनि खोल्न पाएनन् । लग्तैको बलमा ६५ रन बनाएर खेलिरहेका जिमि निसम पेभेलियन फर्किए । २५ बलमा ६ छक्का र पाँच चौका प्रहार गरेका उनलाई तान्विरले रिजनबाट क्याच गराए । कुशलले ललितनारायण राजवंशीलाई १६औं ओभरको दोस्रो बलमा रनको खाता पनि खोल्न नदिइ हसन इशाखिलबाट क्याच गराए । रिजनले १८औं ओभरको अन्तिम बलमा शेल मल्लाई व्यक्तिगत पाँच रनमा बोल्ड गरे ।








त्यसअघि टस जितेर ब्याटिङ रोजेको चितवनले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १८० रनको योगफल तयार पार्यो । चितवनका लागि कुशलले ७२, रवि बोपाराले ४४, हसन इशाखिलले २८ र सन्तोष कार्कीले १४ रन बनाए । चौथो विकेटका लागि कुशल र रविले ११३ रनको साझेदारी गरे । जनकपुरका लागि ललितनारायण राजवंशीले दुई तथा हर्ष थाकर, मोहम्मद मोहसिन र जिमी निसमले समान एक विकेट लिए । तेस्रो ओभरको चौथो बलमा ललितनारायण राजवंशीले विपिन रावललाई व्यक्तिगत तीन रनमा कप्तान अनिकुमार साहबाट क्याच गराए । सातौं ओभरको चौथो बलमा सन्तोष कार्की पोभेलियन फर्किए । १२ बलमा एक छक्कासहित १४ रन बनाएका उनलाई मोहम्मद मोहसिनले बोल्ड गरे । आठौं ओभरको तेस्रो बलमा हर्ष थाकरले हसन इशाखिललाई पेभेलियनको बाटो देखाए । १९ बलमा चार चौका र एक छक्काको मद्दतले २८ रन बनाएका उनी विकेटविकर लाहिरु मिलन्थाबाट स्ट्याम्पिङ भए । १९औं ओभरको चौथो बलमा अर्धशतक प्रहार गरेका कुशल मल्ल पेभेलियन फर्किए । ४१ बलमा सात चौका र तीन चौकाको मद्दतले ७२ रन बनाएका उनलाई जिमी निसमले अनिलबाट क्याच गराए । अन्तिम ओभरको दोस्रो बलमा ४४ रन बनाएर खेलिरहेका रवि बोपारालाई ललितले अनिलबाट क्याच गराए । उनले ३२ बलमा पाँच चौका र एक छक्का प्रहार गरे ।

# काठमाडौँको सहज जित

# प्लेअफ सम्भावना बलियो



पोखरा एभेन्जर्सविरुद्ध ६ विकेटको सहज जित निकाल्दै काठमाडौँ गुर्खाजले नेपाल प्रिमियर लिग (एनपिएल) को प्लेअफ सम्भावनालाई बलियो बनाएको छ । जितसँगै काठमाडौंले ६ खेलमा ६ अंक जोडेको छ । पराजित पोखराको समान खेलबाट चार अंक छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा पोखराले प्रस्तुत गरेको १३९ रनको लक्ष्य काठमाडौंले १४.१ ओभरमा चार विकेट गुमाउँदै पूरा गर्यो । काठमाडौंका लागि स्टेफन स्किनाजीले ६०, माइकल लेभिटले ३२, जेरार्ड इरास्मसले अविजित २५ र भीम सार्कीले २२ रन बनाए । पोखराका लागि विपिन खत्रीले तीन र माइकल लिस्कले एक विकेट लिए । छैटौं ओभरको तेस्रो बलमा विपिन खत्रीले माइकल लेभिटलाई विकेटकिपर आन्द्रेस गौसबाट स्ट्याम्पिङ गराए उनले १८ बलमा ६ चौका र एक छक्काको मद्दतले ३२ रन बनाए । भीम सार्की १२औं ओभरको चौथो बलमा पेभेलियन फर्किए । २० बलमा समान एक चौका र छक्काको मद्दतले २२ रन बनाएका उनलाई माइकल लिस्कले गौसबाट क्याच गराए । स्टेफन स्किनाजी १३औं ओभरको पहिलो बलमा ६० रन बनाएर पेभेलियन फर्किए । ३४ बलमा १० चौका प्रहार गरेका उनलाई विपिनले एलबिडब्ल्युको धरापमा पारे । सोही ओभरको अन्तिम बलमा कप्तान करण केसीलाई विपिनले गौसबाट स्ट्याम्पिङ गराए । उनले एक रनमात्रै बनाउ सके ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३८ रनको योगफल तयार पार्यो । पोखराका लागि रामोन रिफले ३० बलमा तीन छक्का र एक चौकाको मद्दतले अविजित ४१, दिनेश खरेलले ३८ र दिलिप नाथले २७ रन बनाए । काठमाडौंका लागि रासिद खान र कप्तान करण केसीले समान तीन तथा जेरार्ड इरास्मस र माइकल लेभिटले समाए एक विकेट लिए । जेरार्ड इरास्मसले दोस्रो ओभरको पहिलो बलमा ओपनर आन्द्रेस गौसलाई रनको खाता पनि खोल्न नदिइ माइकल लेभिटबाट क्याच गराए । छैटौं ओभरको अन्तिम बलमा रासिद खानले अर्को ओपनर दिनेश खरेललाई पेभेलियनको बाटो देखाए । एलबिडब्ल्युको धरापमा पर्नुअघि उनले २५ बलमा ६ चौका र एक छक्काको मद्दतले ३८ रन बनाए । कप्तान कुशल भुर्लेल आठौं ओभरको दोस्रो बलमा पेभेलियन फर्किए । सात रन बनाएर खेलिरहेका उनलाई रासिदले बोल्ड गरे । माइकल लेभिटले १२औं ओभरको पाँचौं बलमा आठ रन बनाएर खेलिरहेका आकर्षित गोमिललाई एलबिडब्ल्युको धरापमा पारे । रासिदले १६औं ओभरको चौथो बलमा दिलिप नाथलाई आफ्नो तेस्रो शिकार बनाए । २४ बलमा दुई छक्काको मद्दतले २७ रन बनाएका उनी बोल्ड भए । करण केसीले १७औं ओभरको पहिलो बलमा एक रन बनाएर खेलिरहेका माइकल लिस्कलाई एलबिडब्ल्युको धरापमा पारे । लगत्तैको बलमा नारायण जोशी रनको खाता पनि खोल्न नपाइ रासिदबाट क्याच भए । करणले १९औं ओभरको तेस्रो बलमा विपिन खत्रीलाई व्यक्तिगत एक रनमा लेभिटबाट क्याच गराए ।

# घरेलु कामदारको लागि कानुन ल्याउन प्रभु साहको माग




**मधेशदृष्टि**
**काठमाडौँ ।**

प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)निकट आम ट्रेड युनियन फेडरेशनले आगामी पुष १४ गते काठमाडौंमा बृहत्त प्रदर्शन गर्ने भएको छ । शनिबार काठमाडौँमा सम्पन्न फेडरेशनको सचिवालय बैठकले यस्तो निर्णय लिएको हो । काठमाडौँमा बसेको आम ट्रेड युनियन फेडरेशनको सचिवालय बैठकले 'नेपालमा रहेका घरेलु कामदारको पक्षमा कानून ल्याउन तथा विदेशमा रहेका मजदूरलाई ट्रेड युनियनको हक दिलाउन' सशक्त संघर्ष अगाडि बढ़ाउने गरेको निर्णय गरेको हो ।

उक्त बैठकले पार्टी स्थापना दिवसको अवसरमा सरकारको कर आतंकको विरुद्ध पौष १४ गते काठमाण्ड़ौमा प्रदर्शन गर्ने निर्णय समेत गरेको छ । शिव थापाको अध्यक्षतामा बसेको बैठकमा प्रमुख आतिथी पार्टी अध्यक्ष प्रभु साह, पार्टी वरिष्ठ उपाध्यक्ष तिलक थापा, उपमहासचिव धनकुमारी मगर लगायत नेताहरूको पनि सहभागिता रहेको थियो । सो बैठकमा अध्यक्ष साहले घरेलु कामदारको लागि कानून ल्याउन सरकारसमक्ष माग गरेका छन् । नेपालमा अहिलेसम्म घरेलु कामदारको लागि कानूनको उचित प्रवन्ध नगरिएको भन्दै सरकारले ढिला नगरी ती घरेलु कामदारको हकहित रक्षाको लागि कानून ल्याउनुपर्नेमा साहको जोड थियो ।

## भन्सार लुटको विरुद्धमा वीरगंजमा आजपाको प्रदर्शन



आम जनता पार्टी(आजपा)ले भन्सारमा भएको लुटको विरुद्धमा वीरगंजमा विशेष प्रदर्शन गरेको छ । पार्टीको भन्सार संघर्ष समितिकी संयोजक रञ्जुकुमारी साहको नेतृत्वमा भएको उक्त विरोध प्रदर्शनको र्याली छपकैयाबाट निकालेर वीरगंज भन्सार कार्यालय घेराउ गरेर समापन गरिएको थियो । प्रदर्शनकारीहरुले 'भन्सारको नाममा निजी सम्पत्ति लुट्ने काम बन्द गर, भन्सार कानुनमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको प्रावधान खारेज गर, हामीसँग गरेको सम्झौता तुरुन्त कार्यान्वयन गर' जस्ता नारा लगाएका थिए । आजपा विगत लामो समयदेखि भन्सारमा भइरहेको लुटको विरुद्धमा सडक संघर्षमा छ । यसअघि उसले काठमाडौँ केन्द्रित आन्दोलन गरेको थियो । जसमा सरकारले आन्दोनलकारीसँग उनीहरुको माग पूरा गर्ने समझदारी गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन